असल छिमेकी नेपाल
ASAL CHIMEKEE NEPAL

# २०७२ भूकम्प स्मृति पुस्तिका

## (बैशाख २०७२–पौष २०७५)



फागुन २०७५



# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली । ... २

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभमि नेपाल ।

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।


# Values of ACN

## मूल्य र मान्यता

- **A** Attitude
- **S** Sharing
- **A** Action
- **L** Love

# ACN's Guiding Principles

| | |
|---|---|
| ***Vision***<br>दूर दृष्टि | **A transformed Society**<br>रुपान्तरित समाज |
| ***Mission***<br>संस्थाको परिलक्ष्य | **Empowering Communities**<br>समुदायको क्षमता अभिवृद्धि |
| ***Approach***<br>तरिका | **Integral and participatory**<br>सर्वाङ्गीण र सहभागिता |



# अध्यक्षको तर्फबाट



२०७२ साल वैशाख १२ गते र २९ गते नेपालमा विनाशकारी महाभूकम्पले गोरखालगायत धेरै जिल्लाहरूमा धेरै मानिसहरू घरवार बिहीन भए । मानिसहरूको न बस्ने घर न त खाने गाँस रह्यो । धेरै मानिसहरूले आफ्नो ज्यान गुमाउनु पऱ्यो र धेरै जना अपाङ्ग समेत भए । असल छिमेकी नेपाल र पोखरेली खीष्टिय समुदायले देशको विभिन्न जिल्लाहरूमा राहत वितरण गऱ्यो । त्यस्तो आपत्कालीन अवस्थामा उनीहरूलाई पुनर्स्थापनाको पनि जरुरत भयो । यही कुरालाई मध्ये नजर गर्दै असल छिमेकी नेपाल पोखराले गोरखा जिल्लाको श्रीनाथकोट, भूम्लिचोक, घ्याल्चोक, घैरुङ, मकैसिङ र आँपपिपल आदि ठाउँहरूमा समुदायको आवश्यकतामा आधारित जीवन स्तरमा सुधार ल्याउनको लागि साथै विपद् न्यूनीकरणको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । स्थानीयबासीहरूको सिफारिस र जिल्ला, केन्द्रसँग सम्बन्ध स्थापित गरी जीविकोपार्जन तथा आयआर्जन, स्वास्थ्य जनचेतना, स्वयंसेवक परिचालन तथा विपद्जोखिम न्यूनीकरणका निम्ति तालिम साथै पुनर्स्थापनाको लागि स्वास्थ्य भवनहरू, गाउँ पालिका भवन साथै स्थानीय भुकम्प पिडित मानिसहरूको लागि बस्ने घरहरू बनाईएको छ ।

यी सबै यहाँहरूबाट प्राप्त सहयोग तथा सहभगिताको फल हो । लक्षितवर्गको स्वीकार्यता, जीवनकालागि स्थानीय समुदाय र सरकारी निकाय सबै तहबाट सकारात्मक सहयोगको उच्च कदर गर्दछु । समितिका साथीहरू, चर्चका सबै अगुवा पास्टरहरू र विश्वासीहरूको प्रार्थना, नेतृत्वमा रहनु भएको स्वयंसेवकीय भावना तथा आर्थिक योगदान सहितको व्यवहार साथै संस्थाका कर्मचारी भाइबहिनीहरूबाट गरेको अथक परिश्रमको अन्तर आत्मादेखि नै सह्राना गर्दछु । दातृनिकायहरूको सहयोग र भरोसाको लागि धेरै कृतज्ञ महशुस गर्दछु ।

अन्त्यमा, विगतमा जस्तै यहाँहरू सबैवाटको सहभागिता, सहयोग र उत्साहको अपेक्षा गर्दै पुनः कृतज्ञता व्यक्त गर्दछु ।



ए. भरत बहादुर गुरुङ
अध्यक्ष
असल छिमेकी नेपाल

प्रदेश सरकार
गण्डकी प्रदेश

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल
सचिवालय

**निजी सचिवालय**
**माननीय रामशरण बस्नेत**
**मन्त्री**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पोखरा, नेपाल**

पत्र संख्या:
चलानी नं.

मिति : २०७५/११/१



**विषय: शुभकामना ।**

असल छिमेकी नेपाल पोखरा १ बगरले गोरखा भूकम्पको स्मृतिमा संस्थाले गोरखा जिल्लामा भूकम्प पछिका राहत, पुनर्निर्माण तथा पुनर्स्थापनाको क्षेत्रमा गरेका सम्पूर्ण क्रियाकलापहरु समोवश गरी **भूकम्प स्मृति पूस्तिका - २०७२** प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ ।

२०७२ मा गएको विनाशकारी महाभूकम्प पश्चात् यस संस्थाले गोरखा जिल्लामा राहातको चरण देखी आजसम्म समुदायको आवश्यकता र अनुरोधलाई स्वीकार गर्दै पुनर्निर्माण तथा पुनर्स्थापना, जीविकोपार्जन र स्वास्थ्य लगायतका क्षेत्रमा नेपाल सरकारको राष्ट्रिय पुनर्निर्माण नीति अनुरुप, सम्बन्धित सरकारी निकाय, जनप्रतिनिधि तथा समुदायसँग समन्वय र सहजिकरण गर्दै गरेको योगदानको उच्च प्रशंसा समेत गर्दछु ।

यस संस्थाले आगामी दिनमा समेत यस्तै रचनात्मक एवं सामाजिक क्रियाकलाप मार्फत समाजमा पछाडि परेका, जोखिममा रहेका अल्पसंख्यक एवं लोपोन्मुख समुदायको जीविकोपार्जन समेत सहज हुने हिसाबले आफ्ना क्रियाकलाप अगाडि बढाउन थप प्रेरणा मिल्न सकोस् ।

अन्त्यमा यस संस्थालाई प्रत्यक्ष अप्रत्यक्ष सहायता गर्नुहुने दातृ निकाय, कर्मचारी, कार्यकारी समिति, सरोकारवाला निकाय लगायत सबैलाई धन्यवाद भन्दै भुकम्पसँग सम्बन्धित परियोजनाहरुको औपचारिक *समापन समारोह तथा वार्षिक सामाजिक लेखाजोखा २०७५* कार्यक्रम सरोकारवालाको उपस्थितिमा सफलता पूर्वक सम्पन्न हुन सकोस् हार्दिक शुभकामना सहित संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

माननिय रामशरण बस्नेत
मन्त्री
भौतिक पूर्वाधार विकास मन्त्रालय

**माननीय रामशरण बस्नेत**
**मन्त्री**

# जिल्ला समन्वय समिति
गोरखा

गण्डकी प्रदेश, नेपाल
फोन-०६४-४२०१४४
फ्याक्स-०६४-४२०३७७
मिति:-२०७५/१०/२९

प.सं.:- ०७५/०७६
च.नं.



विषय:- *शुभ-कामना ।*

२०७२ साल वैशाख १२ गते शनिवार गोरखा जिल्लाको साविक बारपाक गा.वि.स. आसपास केन्द्रविन्दु वनाई मध्यान्न ११.५६ वजे आएको **गोरखा-भूकम्प** नामक विनासकारी भूकम्प पश्चात जिल्लामा खोज-उद्दार, राहत, पूननिर्माण एवं पून:स्र्थापना कार्यमा आफ्नो संस्थाको तर्फवाट अत्यन्त सक्रियताका साथ लागी पर्नुहुने असल छिमेकी नेपाल नामक गैर सरकारी संस्था पोखराले यस जिल्लामा संस्थाको तर्फवाट संचालन गरी सम्पन्न गरेका राहत, पुननिर्माण तथा पुनर्स्थापना सम्बन्धी सम्पूर्ण कार्यहरुको प्रगति विवरण समेटिएको विविध जानकारीमूलक सामाग्री सहितको दस्तावेज तयार गरी "**भूकम्प स्मृति पूस्तिका- २०७२**" प्रकाशन गर्न लागेको भन्ने सुखद समाचार सुन्न पाउँदा अत्यन्त खुशी लागेको छ ।

तत्कालिन अवस्थामा भूकम्पको पिडावाट आहत वनेका गोरखा जिल्लावासीहरुको हितमा राहत-उद्दार देखि हाल सम्मको पुननिर्माण तथा पुनर्स्थापना कार्यमा संलग्न रही अहोरात्र खटी सेवा र सहयोग गर्नु हुने यस असल छिमेकी नेपाल संस्था पोखराका कार्यकारी निर्देशक लगायत संस्थाका सम्पूर्ण साथीहरुको उच्च कदर गर्दै मानवीय तथा भौतिक निर्माणमा पुर्‍याएको सहयोग प्रति म यस अवसरमा प्रशंसा सहित हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ।

अन्तमा, भूकम्पको केन्द्रविन्दु वारपाक, भूकम्पले जिल्लामा पुर्‍याएको मानविय तथा भौतिक क्षति र संस्थाले खेलेको भुमिका लगायतको विषयमा अध्ययन गर्न चाहने जो कोही पाठकहरुका लागि समेत यो दस्तावेज एउटा कोशेढुङगा सावित हुन सकोस् भन्ने शुभेच्छा प्रकट गर्दै यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।

अशोक कुमार गुरुङ
प्रमुख
जिल्ला समन्वय समिति, गोरखा

सिरानचोक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छोप्राक, गोरखा

Mail:ito.siranchowkmun@gmail.com
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०७५/०७६
च.नं. : ६५८

मिति:२०७५।११।०२



## शुभकामना

२०७२ साल वैशाख १२ गतेको भूकम्प पश्चात गोरखा जिल्लाको साविक श्रीनाथकोट गा.वि.स. हाल सिरानचोक गाउँपालिका वडा नं. ७ स्थित कार्यक्षेत्रमा रही त्यहाँको स्थानीय जनताको समग्र विकासको निम्ति गा.वि.स. भवन, स्वास्थ्य चौकी, स्कूल भवन निर्माण, ७० भन्दा वढी जोखिममा परेका निजि आवास पुर्न निर्माण तथा तत्कालिन अवस्थामा राहात, पुर्नवास र पुर्नलाभको निम्ती ज्यादै साह्रनिय कार्य गर्दै, हाल सिरानचोक गाउँपालिकाको खुल्ला क्षेत्रमा संचालन हुने गाउँघर क्लिनिक असल छिमेकी नेपाल, पोखरा, कास्की र सिरानचोक गाउँपालिकाको साझेदारीमा सि.गा.पा. वडा नं. २ खमारी, थालाजुङ, वडा नं. ५ जरेवर, छोप्राक र वडा नं. ७ सिम्ले, श्रीनाथकोटमा निर्माण कार्य भई रहेकोमा सिरानचोक गाउँपालिकाको तर्फबाट असल छिमेकी नेपाल, पोखरा, कास्कीलाई हार्दिक धन्यवाद गर्दछु ।

असल छिमेकी नेपाल, पोखरा, कास्की बाट उहाँहरुले सामाजिक विकासको निम्ति गर्नु भएको कार्यलाई अभिलेख गर्दै स्मारिका प्रकाशन गर्नु भएकोमा मेरो ब्यक्तिगत र गाउँपालिकाको तर्फबाट हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

..............................
राजु गुरुङ
अध्यक्ष

गण्डकी गाउँपालिका
Gandaki Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

भुम्लिचोक, गोरखा
Bhumlichowk, Gorkha

२०७३ (2073)

४ नं प्रदेश, नेपाल
4 No. Province, Nepal

च.नं.(Ref. No.):- ५५१
प.सं.(Dispatch No.):- ०७५/०७६

मिति(Date):- २०७५।१०।२५



**विषय: शुभकामना**

असल छिमेकी नेपालले गोरखा भुकम्प २०७२ पछाडि आफुले गरेका कामहरु समेटेर "गोरखा भुकम्प २०७२ को सम्झना" स्मारिका प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ ।

असल छिमेकी नेपाल पोखराले यस गण्डकी गाउँपालिकाका विभिन्न वडाहरुमा प्रत्यक्ष रुपमा भुकम्पबाट क्षतविक्षत् भएको समुदायमा हामीसँगै रहेर हाम्रो पिडामा साथ दिनुभई विशेष गरी वडा नं ६ भुम्लिचोक, वडा नं ७ र ८ घ्यालचोक तथा वडा नं १ मकैसिङ्गमा पुऱ्याउनु भएको योगदानको कदर गर्न चाहान्छौं । यहाँहरुले बनाउनु भएको स्वास्थ्य संस्था, व्यक्तिगत आवास पुन: निर्माण र अति विपन्न परिवारलाई दिनुभएको जीविकोपार्जन तथा स्वास्थ्य कार्यक्रमलाई गण्डकी गाउँ पालिका संधैभरी सम्झिरहनेछ । धेरै संघ संस्था हामीसँग काम गर्न आउनुभएको छ तर असल छिमेकी नेपाल साँच्ची नै असल छिमेकी हुन सक्नु भएको लागि धेरै धेरै बधाई पनि भन्न चाहान्छु । जसरी यहाँहरुले भुकम्प पश्चात उदाहरणीय काम गरेर देखाउनु भएको छ, आगामी दिनमा पनि यस्ता कामहरु हाम्रो गाउँपालिका लगायत अन्य ठाउँहरुमा पनि गरिरहनु भई देश विकासमा टेवा पुऱ्याईरहनु होला भनि शुभकामना व्यक्त गर्न चाहान्छौं ।

होम बहादुर राना मगर
अध्यक्ष
गण्डकी गाउँ कार्यपालिका
गोरखा, गण्डकी प्रदेश, नेपाल

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय**
गण्डकी प्रदेश, गोरखा

फोन / फ्याक्स ः ०६४–४२०११९
Email : hogorkha@gmail.com
dphogorkha@gmail.com

पत्र संख्या : २०७५।०७६
चलानी नं. :

गण्डकी प्रदेश, नेपाल

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
गण्डकी प्रदेश, गोरखा



## शुभकामना

सामाजिक सेवा गर्ने उद्देश्यले वि.स. २०५९ मा स्थापित असल छिमेकी, नेपालले विपद परियोजना समापन (भुकम्प २०१५) को अवसरमा आफ्नो प्रमुख गतिविधिहरु समेटेर स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

वि.स. २०७२ बैशाख १२ गतेको बारपाक, गोरखालाई केन्द्रविन्दु बनाएर गएको महाविनाशकारी भुकम्प पछिको राहत वितरण लगायत पुर्नस्थापना र पुर्ननिर्माण कार्यमा असल छिमेकी नेपालको महत्वपूर्ण भुमिका रहेको थियो । भुकम्पले क्षतविक्षत पारेका स्वास्थ्य संरचनाहरुको निर्माण र व्यवस्थापनमा यस संस्थाले पुऱ्याएको योगदान अत्यन्त सह्रानीय रहेको छ । पुननिर्माणको कठीन परिस्थितिमा जिल्ला जनस्वास्थ्य कार्यालय संगको समन्वयमा स्वास्थ्य सम्बन्धि सेवालाई गुणस्तरीय र प्रभावकारी रुपमा प्रदान गर्न संस्थाले निभाएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, आगामी दिनमा पनि स्वास्थ्य क्षेत्रमा संस्थाको निरन्तर सहयोगको अपेक्षा गर्दै स्मारिका प्रकाशन कार्यको पूर्ण सफलताको शुभेच्छा सहित संस्थाको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछु ।

२०७५ माघ

दिपक सुवेदी
जनस्वास्थ्य अधिकृत
कार्यालय प्रमुख

फोन नम्वर  ०६४ ४२०९९५
फ्याक्स
वेवसाइट
इमेल dlpiugorkha@gmail.com

नेपाल सरकार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा)

# जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा)

## गोरखा

पत्र संख्या .:- ०७५।०७६

चलानी नं.:-

मिति : २०७५/१०/२८



**विषय : शुभकामना ।**

गोरखा भुकम्पको स्मृतिमा यस संस्थावाट संस्थाले  गोरखा जिल्लामा गरेका भुकम्प पछिका राहत,पुनर्निर्माण तथा पुर्नस्थापनाको क्षेत्रमा गरेका सम्पुर्ण कियाकलापहरु समावेश गरि  स्मारिकामा प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसि लागेको छ । यस स्मारिकावाट संस्थाको सम्पुर्ण गतिविधिहरु,कार्य प्रकिया तथा पारदर्शिता आम सरोकारवालहरु समक्ष जानकारी हुनका साथै संस्था प्रति सकारात्मक दृष्टिकोण निर्माणमा सहजिकरण हुनेछ भन्ने अपेक्षा गर्दछु ।

भुकम्पवाट क्षतविक्षत सामुदायिक विद्यालयको पुनर्निर्माण जस्तो अत्यन्तै गहन र महत्वपुर्ण कार्यमा नेपाल सरकार संग सहकार्य गरि असल छिमेकी नेपाल सस्था वाट २०७२ बैशाख १२ गतेको विनासकारी भुकम्पवाट क्षतिग्रस्त यस जिल्लाका ४ विद्यालयको पुनर्निर्माण कार्य  तोकिएको समयमानै सम्पन्न गरी भवनहरु विद्यालयलाई हस्तान्तरण गरि सुरक्षित र भुकम्प प्रतिरोधि भौतिक संरचनामा बसेर शिक्षा लिन पाउने  वाल अधिकारको सुनिश्चितताको अवस्थामा पुर्‍याउन अतुलनिय योगदान पुर्‍याउनु भएकोमा यस इकाईको तर्फवाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा ,

विद्यालय क्षेत्रका कियाकलापमा संस्थाका आगामी कार्यक्रमहरुको निरन्तरता रहने अपेक्षा सहित असल छिमेकी नेपालको उत्तरोत्तर प्रगतिको शुभकामना ।

राम प्रसाद आचार्य

इकाई प्रमुख

राम प्रसाद आचार्य

इकाई प्रमुख

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# केन्द्रीय आयोजना कार्यान्वियन इकाई

# जिल्ला आयोजना कार्यान्वयन इकाई

(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
गोरखा

पत्र संख्या :- ०७५/७६
चलानी नं. :- ४१४८

मिति २०७५/१०/२५



विषयः शुभकामना

गोरखा भुकम्प २०७२ बाट क्षति भएका संरचनाहरुको पुनर्निर्माणको अभियानमा गोरखा जिल्लामा पुनर्निर्माण कार्यमा सहयोगी भूमिकामा आफूलाई अब्बल सावित गर्न सफल भएको संस्था "असल छिमेकी" नेपालबाट उक्त भुकम्पको स्मृति स्वरुप स्मारिका प्रकाशन हुन लागेको थाहा पाउँदा खुशी लागेको छ ।

भुकम्पबाट क्षतिग्रस्त निजीआवास, शैक्षिक भवन, सरकारी भवन, स्वास्थ्य संस्थाहरुको पुनर्निर्माणकार्यमा प्राविधिक तथा सामाजिक क्षेत्रमा अत्यन्त नजीक रही लाभग्राही तथा अन्य सरोकारवालाहरुलाई सेवा प्रदान गर्न सफल यस संस्थाले गोरखा जिल्लामा संचालन गरेका गतिविधिहरु समयमा नै सम्पन्न गर्न सहयोग प्रशंशनीय सहयोग गरेको छ । नीजि आवासको क्षेत्रमा गण्डकी गाउँपालिका र सिरानचोक गाउँपालिकामा पुर्‍याएको योगदानको उच्च कदर गर्न चाहान्छु । भुकम्प पश्चात राहात सामाग्री वितरण, जीविकोपार्जन तथा आयआर्जनसँग सम्बन्धित कार्यक्रमहरु संचालन गरी सम्बन्धित स्थलमा आफ्ना अभियन्ताहरुलाई खटाई सेवा प्रवाह गरेकोमा सिंगो संस्थालाई धन्यवाद दिन चाहान्छु ।

समग्रमा राहत वितरण, पुनर्स्थापना, पुनर्निर्माण, समदाय सशक्तिकरण तथा जीविकोपार्जन कार्यक्रम, विपद व्यवस्थापन कार्यक्रम लगायत अन्य सामाजिक सुधारका क्षेत्रमा संचालन गरेको गतिविधि एवं कार्यक्रमबाट गोरखा जिल्लाले ठूलो सहयोगी साथीको महशुस गर्‍यो ।

अन्त्यमा संस्थाले जिल्लामा निर्वाह गरेको अतुलनीय योगदानको उच्च कदर गर्दै आगामी दिनमा यसले अझ यीभन्दा फराकिलो क्षेत्रहरुमा आफ्ना कार्यक्रमहरु सफल रुपमा संचालन गर्न सकोस् भन्दै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहान्छु ।

२०७५/१०/२५

ई. रामशरण आचार्य
आयोजना प्रमुख

**आयोजना प्रमुख**

# सिरानचोक गाउँपालिका
## SIRANCHOK RURAL MUNICIPALITY

७ नं. वडा कार्यालय
7 No. Ward Office
श्रीनाथकोट, गोरखा
Shreenathkot, Gorkha

सिरानचोक गाउँपालिका ७ नं वडा कार्यालय २०७३

पत्र संख्या (Reference No.) : ०७५/०७६ गण्डकी प्रदेश (Gandaki Province)
चलानी नं. (Dispatch No.) : ४५४ मिति (Date) : २०७५/१०/२८

**विषय** (Subject) :- शुभकामना



श्री असल छिमेकी नेपाल,
कास्की पोखरा ।

प्रस्तुत बिषयमा सिरानचोक गाउँपालिका वडा नं. ७ श्रीनाथकोटमा असल छिमेकी नेपालबाट २०७२ साल वैशाख १२ गतेको भुकम्प पछि पुर्ननिर्माणमा, स्वास्थ्य क्षेत्र, शिक्षा क्षेत्र र निजी आवास निर्माण तथा जीविकोपार्जनमा बिभिन्न कार्यक्रम गरी अतुलनीय सहयोग पुऱ्याएकोमा यस वडा कार्यालय मार्फत धन्यबाद दिन्छौं । साथै आगामी दिनमा पनि वडा कार्यालय असल छिमेकी नेपाल सँग सहकार्य गरि काम गर्न इच्छुक भएको जानकारी गर्दै असल छिमेकी नेपालको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।

सुरज ढकाल
वडा अध्यक्ष

"दाजुभाइहरू आपसमा एकतामा बस्न कति भलो र मनोहर कुरा हुन्छ ।" भजन १३३:१

# पोखरेली ख्रीष्टिय समुदाय

POKHARA CHRISTIAN COMMUNITY

कास्की, पोखरा (Kaski, Pokhara)

P.O. Box 158

फोन नं.: ०६१-५२५०३६

पत्र संख्या:
चलानी नं.:

का.जि.प्र.का.दर्ता नं.१६५०
स.क.प.आ.नं.२६१६८
पान नं.३०३४४१६६१



# शुभकामना !

२०७२ सालको विनासकारी महाभूकम्पका कारण देशमा निम्तिएको महासङ्कष्टले देशलाई नै अस्तव्यस्त बनायो । हजारौंले ज्यान गुमाउन पऱ्यो, लाखौंको अङ्गभङ्ग भयो भने लाखौंलाख घरहरू बस्न नहुने गरी ध्वस्त भए । गोरखाको बारपाकलाई केन्द्रविन्दु वनाएर गएको महाभूकम्पले गोरखाभन्दा पश्चिमको भागलाई भन्दा पूर्व भागलाई वढी क्षति पुऱ्यायो ।

देशमा महासंकष्ट परेको बेलामा सारा देशबासीहरु आआफ्नो ठाउँबाट जहाँ जे गर्न सकिन्छ, उठे । देश विदेशबाट सहायताको लागि मानिसहरू ओइरिए । पोखरामा भएका चर्चहरू पनि यस्तो दुःखको बेलामा चुप लागेर बस्न सक्ने कुरै भएन । उक्त समयमा, पोखरेली ख्रीष्टिय समुदायको कार्य समितिको बैठक तुरुन्तै बसी आफूसँग भएको सानो रकमबाट राहतको सामान लिएर गोरखा जिल्लामा जाने निर्णय गरियो । शुरुमा गोरखा जिल्लाको तत्कालीन विभिन्न गा.वि.स. हरू लगायत धादिङ जिल्लाका तात्कालिन विभिन्न गा.वि.स. हरू र नुवाकोटमा समेत तात्कालिन आवश्यकताका राहतका सामग्रीहरू वितरण गर्ने कार्य गरियो । हामीले राहत वितरण कार्यमा जे गर्न सक्यौं शुद्ध हृदयले र दिलोज्यानले गऱ्यौं ।

राहत वितरण कार्यपश्चात भत्किएका संरचना पुनर्निर्माणको लागि राज्यसँग सहकार्य गर्दै गोरखाका विभिन्न तत्कालीन गा.वि.स.हरूमा स्वास्थ्य चौकीहरू, गा.वि.स. भवन, विद्यालयहरू र व्यक्तिगत आवास निर्माणमा पोखरेली ख्रीष्टिय समुदायले असल छिमेकी नेपाल मार्फत ठूलो योगदान गरेको छ । २०७२ देखि २०७५ सम्म गरेका सम्पूर्ण कार्यहरूको समापन गर्न लागेकोमा असल छिमेकी नेपाललाई हार्दिक बधाई ज्ञापन गर्दछु । राज्यले पुऱ्याएको सहयोग, दाताहरूले गरेको विश्वास र पोखरेली ख्रीष्टिय समुदाय र असल छिमेकी नेपालले गरेको परिश्रम प्रशंसाको योग्य छ । पोखरेली ख्रीष्टिय समुदायको तर्फबाट समुदायका सम्पूर्ण चर्चहरू, सहयोगी दाताहरू, सम्बन्धित सरकारी निकाय, सरोकारवालाहरू र लाभान्वित वर्गलाई धन्यवाद भन्दै, भूकम्प पछिका सम्पूर्ण कार्यको समापन कार्यक्रमको अवसरमा सबैलाई परमेश्वरले आशिष दिऊन् ।

पा. घिमिरे
अध्यक्ष
पोखरेली ख्रीष्टिय समुदाय



# स्वागत मन्तव्य

आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, समाजकल्याण परिषद् लगायत प्रदेश तथा जिल्ला तहका सरकारी तथा गैरसरकारी निकायबाट पाल्नुहुने अतिथिगण, हाम्रो काममा प्रत्यक्षअप्रत्यक्ष सरोकार राख्ने तथा नियमनकारी निकायबाट पाल्नुहुने पदाधिकारी एवं प्रतिनिधिज्यू, पत्राकार तथा मिडियाबाट पाल्नुहुने सहभागीहरू, दातृ निकायका प्रतिनिधिहरू, संस्थाको समाजिक लेखाजोखा २०७५ को सहजीकरण गर्ने रेडियो गोरखाका सहजीकरण टोली, लाभान्वित जनसमुदायका प्रतिनिधि लगायत असल छिमेकी नेपाललाई सामाजिक पहलकारुपमा स्थापना गर्ने साथै संस्था लगायत यस विपद् प्रतिक्रियाको पहलमा मेरुदण्डका रुपमा रहेको पोखरेली ख्रीष्टिय समुदायका पदाधिकारी तथा प्रतिनिधी, संस्थाका संस्थापक, आजिवन तथा साधारण सदस्यहरू, कार्यकारिणी समिति एवं संस्थाका सहकर्मी मित्रहरू लगायत उपस्थित सम्पूर्णलाई गोरखा भूकम्प २०१५ बाट प्रभावित जनसमुदायको जीवन सामान्यीकरणका लागि यहाँहरू सबैबाट प्राप्त समन्वय, सहयोगमा हामीले गरेको पहलको औपचारिक समापन समारोहमा यहाहरू सबैलाई संस्थाको तर्फबाट हार्दिक धन्यवाद सहित स्वागत गर्दछु ।

२८ बैशाख २०७२ का दिन करिव १ मिनटको भूकम्पनले हाम्रा हरिया पहाडहरू धुलोले खैरो भएका थिए । घरघर र टोलटोलमा चिच्चावट थियो, चित्कार थियो । ऐतिहासिक चिनो भिमसेन धरहरा फेदैबाट भाँचिएको दृश्य, भग्नावेशभित्र चेपिएकाहरूले गोहोर मागीरहेका र घरघर, चोकचोकको कोलाहल सिवाय समाचारमा अरु कुरा थिएनन् । सरकारी तथा गैरसरकारी संयन्त्रहरूमा अब के गर्ने, कसरी गर्ने भन्ने बारेमा अन्योलता छाएको थियो । यस्तै परिवेशमा भूकम्पको दोस्रो दिनमा नै असल छिमेकी नेपाल र पोखरेली ख्रीष्टिय समुदायका अगुवाहरू भेलाभए र पहिलाका विपद् कार्यक्रमबाट उब्रेको ५ लाख र अरु ५ लाख सापट लिने र पछि चर्चहरूबाट उठाएर पूर्ति गर्ने गरी राहात वितरणमा लाग्ने निर्णय गरे ।
१) सरकारी तथा समन्वयकारी निकायहरूसँग समन्वय गर्ने २) कम्तिमा पनि १५ दिनको लागि सास धान्न पुग्ने गरी अत्यावश्यक राहात सामाग्री वितरण गर्ने, ३) सबै पत्रपत्रिका, सरकारी संयन्त्र र चर्चहरूको सम्बन्धका माध्ययमबाट सूचना सङ्कलन गर्ने, ४) जहाँ पुग्नसकिन्छ सक्दो छिटो पुग्ने, ५) हामी आँफैनै प्रत्यक्ष सहभागी हुने, ६) जहाँ पुगिन्छ सबैलाई समेट्ने, ७) आर्थिक लगायत सबैकुरामा पारदर्शिता कायम गर्ने, ८) बस्तु तथा सेवामा सम्भव भएसम्मको उच्च गुणस्तर कायम गर्ने, ९) अशक्त, असहाय र निर्वल, महिला, बालबालिका नछुटुन भनेर ध्यान दिने ९) पुनर्निर्माण र पुनर्स्थापनाका लागि श्रोतसाधन सम्भव भएमा विपन्न र सिमान्तकृत समुदायलाई ध्यान दिंदै धेरैभन्दा धेरै लभान्वित हुने क्षेत्रमा सहभागी हुने, १०) आफ्नो क्षमताको आधारमा कार्यक्षेत्र छान्ने, ११) दीगोपनमा जोड दिने, १२) आन्तरिक र वाह्यरुपमा हुनसक्ने हितद्वन्दप्रति सचेत हुने, १३) समुदायमा प्रत्यक्ष उपस्थिति भई सम्बन्ध विकास गर्ने, १४) निर्माणका काममा सीप र प्राविधिक विशिष्टता हाँसिल गरेका निर्माण व्यसायीलाई आउटसोर्स गर्ने जस्ता आधारभूत सिद्धान्तहरूको तय गरियो ।

हामीमा विपद् प्रतिक्रियाको अनुभव अपूर्ण थियो । तैपनि यीनै सिद्धान्तको परिधिभित्र राहात वितरणको काम तुरुन्त अगाडि बढाईयो । निर्णय अनुसार सबै चर्चहरूबाट स्वयंसेवकहरू जम्मा गरियो र राहात सामाग्री खरिद गरी वितरण गर्न लागियो । देश नयाँ सम्बिधान दिन प्रसव भेदनामा छट्पटिएको थियो । सडक र सदन तातेको थियो । भूकम्पले बाटोघाटो पैरिएको र वर्षात्का कारणले गन्तव्यमा पुग्न कठिन, बजारमा सरसामानको अभाव, यातायातको साधनको अभाव, सिमा नाकावन्दी, इन्धनको अभाव, १८ घण्टे लोडसेडिङ, स्थानीयतहमा समन्वयकारी भूमिकाको रिक्तता, हिउँदको हिमपात्, कास्कीको पैरो जस्ता थप बज्रपात । यस्तै कठिनाईलाई छिचल्दै सरकारले तोकेका मापदण्ड र समय तालिकालाई सकेसम्म पालना गर्दै हामीसँगसँगै आजको दिनसम्म आइपुग्यौं । स्थानीय निकायको उपस्थिति पछि हाम्रो काममा सहजता छायो । भूकम्प प्रभावितहरूको जीवन सामान्यीकरणका लागि तपाई हाम्रो संयुक्त प्रयासका फलस्वरुप भएका उपलब्धी जनसमुदायमा भएको सकरात्मक प्रभावको प्रतिनिधिमूलक झलकहरू यसपछिका खण्डहरूबाट केही जानकारी हुने आशा लिएकोछु । दातृ निकायको विश्वास र आर्थिक योगदान, कर्मचारी एवं सहकर्मी साथीहरूको अथक र अहोरात्रको परिश्रम, यहाँहरू सबैबाट प्राप्त सहयोग, समन्वय, सहकार्य, साझेदारिता र उत्साहका लागि आभार व्यक्त गर्न आयोजित भूकम्पसँग सम्बन्धित हाम्रो निश्वार्थ पहलको औपचारिक समापन समारोह आयोजना गरिएको हो । असल गर्ने मनसाय हुँदाहुदै पनि हामीमा भएको ज्ञान, सीपको अभाव, प्रतिकुल परिवेश जस्ता कारणले हामीबाट अवश्य पनि कमी कमजोरी भएका छन् र त्यसका लागि क्षमायचना पनि गर्दछु ।

यहाँको गरिमामय उपस्थितिका लागि सहृदय धन्यवाद भन्दै असल छिमकी नेपाल एवं सिङ्गो पोखरेली ख्रीष्टिय समुदायका तर्फबाट आजको यस समाजिक लेखाजोखा २०७५ र भूकम्पसँग सम्बन्धित हाम्रो पहलको औपचारिक समापन समारोहमा पुनः स्वागत गर्न चाहान्छु ।

राजु अधिकारी
कार्यकारी निर्देशक
१० फागुन २०७५

# विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| १. | संक्षिप्त भूमिका | १ |
| २. | भूकम्प पश्चात राहत वितरण | २ |
| ३. | स्वास्थ्य संस्था पुनर्निर्माण | ४ |
| ४. | वडा कार्यालय भवन पुनर्निर्माण | ६ |
| ५. | विद्यालय भवन पुनर्निर्माण | ७ |
| ६. | व्यक्तिगत आवास पुनर्निर्माण सहायता परियोजना | ९ |
| ७. | दक्ष जनशक्ति तालिम कार्यक्रम | १२ |
| ८. | जीविकोपार्जन तथा स्वास्थ्य परियोजना प्रतिवेदन | १५ |
| ९. | एक महिने हाउस वाईरिङ्ग तथा प्लम्बिङ्ग तालिम | १५ |
| १०. | ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम | १७ |
| ११. | मौरीपालन तालिम तथा मौरीघार वितरण कार्यक्रम | २० |
| १२. | बाख्रापालन तालिम तथा बाख्रा वितरण कार्यक्रम | २२ |
| १३. | नगदेबाली तालिम तथा बिउबिजन वितरण कार्यक्रम | २४ |
| १४. | महिला स्वास्थ्य सामुदायिक कार्यकर्ता तालिम | २६ |
| १५. | सिलाइकटाइ तालिम तथा सिलाइ मेसिन वितरण | २८ |
| १६. | महिला तथा बालबालिका स्वास्थ्य शिविर | ३० |
| १७. | पुनर्निर्माण गरिएको स्वास्थ्य चौकीहरुमा चेतनामूलक होर्डिङ्ग बोर्ड | ३२ |
| १८. | पशु स्वास्थ्य शिविर | ३२ |
| १९. | स्वयम्सेवक परिचालन तथा विकास कार्यक्रम | ३५ |
| २०. | सम्पन्न कार्यक्रमहरुको संक्षिप्त लागत विवरण | ३६ |
| २१. | दातृ निकायहरु | ३७ |
| २२. | परियोजना सञ्चालनको क्रममा अपनाइएको तरिका | ४० |
| २३. | पुन: निर्माणको अवस्था | ४१ |
| २४. | राहत वितरणका केही झलकहरु | ४२ |
| २५. | पत्रपत्रिकामा प्रकाशित समाचारहरु | ४९ |
| २६. | धन्यवाद ! | ५७ |

# संक्षिप्त भूमिका

प्राकृतिक प्रकोपको जोखिमको सन्दर्भमा, हाम्रो देश नेपाल संसारको दशौं जोखिम युक्त देश भित्र पर्दछ, ति मध्ये पनि कति देशहरु विकसित देशहरु छन् जहाँ उनीहरुले प्रकोपको राम्रो पूर्वतयारी गर्ने गर्छन् जस्ले गर्दा प्राकृतिक प्रकोप हुंदा ठूलो मात्रामा क्षति हुन पाउदैन । यसैको उदाहरण हो १२, बैशाख २०७२ सालमा गोखरा वारपाक केन्द्र विन्दु बनाएर गएको ७.८ म्याग्निच्यूड क्षमताको विनाशकारी गोरखा भूकम्प, जसको कारणले केही जिल्लाका जनजीवनलाई नराम्रोसँग तहसनहस बनायो । आज पनि हामी त्यसबाट माथि उठ्न सिङ्गो देश नै प्रयासरत छौं । फलस्वरुप उक्त विनाशकारी भूकम्पले गर्दा सिङ्गै देशले ठूलो पाठ सिकेको छ र आजको दिनमा आईपुग्दा सकेसम्म तयारी अवस्थामा रहन प्रयासरत छौं । असल छिमेकी नेपाल र पोखरेली खीष्टिय समुदायले पनि विनाशकारी भूकम्पले क्षतविक्षद् बनाएको घाउलाई थोरै भएपनि मलहम लगाउने काममा शुरूवात देखि नै निरन्तर लागिपरेको छ। शुरूका दिनमा आफ्नो क्षमता र सम्बन्धका आधारमा देशका धेरै जिल्लाहरूमा आफ्नो उपस्थिति जनाउँदै करिब १५,००० परिवारको बीचमा पुग्न सफल भएको थियो। विपद व्यवस्थापनको दोश्रो चरणमा आउँदा नेपाल सरकारको विपद् व्यवस्थापन तथा राष्ट्रिय पुनर्निर्माण कार्यनीति अनुरूप गोरखा जिल्लालाई कार्यक्षेत्र बनाएरः सार्वजनिक भवनहरू, व्यक्तिगत आवास साथै समुदायलाई फेरी पुरानो अवस्थामा फर्काउनको लागि समुदायको आवश्यकतामा आधारित जिविकोपार्जन तथा स्वास्थ्यका कामहरू गरिएको थियो । संस्थाले काम गर्ने क्रममा आएका आन्तरिक तथा बाह्रय चुनौतिहरूलाई सामुहिक रूपमा सकारात्मक तरिकाले समाधान गर्दै समयमा नै सबै कार्यक्रमहरू सक्न सफल भएको छ । काम गर्ने क्रममा संस्थाले गरेको कार्यलाई सम्बन्धित समुदाय, सरकारी निकायहरूले पनि निकै सरहाना गर्नुभएको छ, कामको उचित मूल्यांकन सहित सम्मान पनि गर्नुभएको छ । संस्थाको प्रयास सबै मिलेर परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यतालाई चरितार्थ पार्न सफल बन्न पुगेको छ। जसले गर्दा समुदायको र व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सफल भएको छ ।







# भूकम्प पश्चात राहत वितरण

२०७२ वैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्पबाट देशले ठूलो धनजनको क्षति बेहोर्नु परेको थियो । देशको विषम परिस्थितिमा देशभित्र र बाहिरबाट सरकारी, गैरसरकारी संस्था, व्यक्ति, समुदाय सबैको सहायता रहेको थियो । असल छिमेकी नेपाल र पोखरेली ख्रीष्टिय समुदायले पनि त्यस कहालीलाग्दो परिस्थितिमा आफ्नो क्षमतालाई अधिकतम उपयोग गरी भूकम्प गएको चौथो दिनबाट प्रत्यक्ष रूपमा पीडितलाई सहयोग पुर्‍याउने काममा लागेको थियो । राहत वितरणको चरणमा विभिन्न आठ जिल्लाका ४८ वटा भन्दा बढी साविकका गा.वि.स.हरूमा खाद्यान्न तथा जिन्सी वितरण गर्न सफल भएका थियौं । त्यस कार्यबाट प्रत्यक्ष रूपमा ६० हजारभन्दा बढी मानिसहरू लाभान्वित हुन सके ।

त्यसैगरी विद्यालयमा अस्थायी टहराहरु निर्माण गरी कक्षा कोठा सञ्चालनको लागि आवश्यक जस्तापाताहरु वितरण गरिएको थियो । भूकम्प र चिसोबाट प्रभावित पिडितहरुको लागि सम्बन्धित निकायहरूको अनुरोध तथा समन्वयमा न्यानो कपडा वितरण गरिएको थियो । असल छिमेकी नेपालले सुरुदेखि नै राहतको समयमा वितरण गरिने खाद्य सामग्रीहरूको गुणस्तर र वितरण गरिने अत्यावश्यक वस्तुहरूको स्पष्ट मापदण्ड तयार गरिएको थियो र सबै परिवारलाई समान रूपमा एउटै झोलामा राखेर सम्बन्धित समुदायमा आफैंले लगेर सम्बन्धित सरोकारवालाहरूको रोहवरमा वितरण गरिएको थियो जसको कारण वितरण भएका सामग्रीहरूको दुरुपयोग हुन पनि पाएन ।

## राहत सामाग्री वितरण कार्यक्रम:

| कार्यक्रम | लक्ष्य | उपलब्धि |
|---|---|---|
| खाद्य तथा अखाद्य राहत सामाग्री वितरण | १००० घर परिवार | १०३२५ घर परिवार |
| फिल्टर वितरण (श्रीनाथकोट गाविस) | २०० घर परिवार | २१२ घर परिवार |
| न्यानो कपडा वितरण | ३००० घर परिवार | ३४८६ घर परिवार |
| जम्मा | ४२०० घर परिवार | १४०२३ घर परिवार |

### शैक्षिक सामाग्री तथा जस्तापाता वितरण

| कार्यक्रम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| शैक्षिक सामग्री वितरण | १५०० विद्यार्थी | १६५० विद्यार्थी | १३ विद्यालय |
| जस्ता पाता वितरण | ४६ विद्यालय | ४६ विद्यालय | ४९५ बण्डल जस्ता पाता तथा ४४४ किलो काँटी |

## राहत वितरणको विवरण

| क्र.सं | सामग्री | इकाई | कैफियत |
|---|---|---|---|
| १ | चामल | १० देखि २५ के.जी. | |
| २ | दाल | २ के.जी. | |
| ३ | चिनी | २ के.जी. | |
| ४ | नुन | १ के.जी. | |
| ५ | सनफ्लावर खाने तेल | २ लिटर | |
| ६ | मसला | १ पाकेट | |
| ७ | चिउरा | २ किलो | |
| ८ | चाउचाउ | १० पाकेट | |
| ९ | सलाई | २ बट्टा | |
| १० | मैनबत्ती | १ दर्जन | |
| ११ | कपडा धुने साबुन | ५ गोटा | |
| १२ | डिटोल साबुन | ५ गोटा | |
| १३ | त्रिपाल | १ | |
| १४ | ओछ्याउने म्याट | १ | |
| १५ | तारजाली | थान | |
| १६ | उन्नत जातको बिउबिजन | १ पाकेट | |
| १७ | पानी छान्ने फिल्टर | १ थान | |
| १८ | ब्ल्याङ्केट | १ थान | |





District Disaster Relief Committee (DDRC), Gorkha

प्रशंसा-पत्र

Letter of Appreciation

This appreciation letter is awarded to

# १. स्वास्थ्य संस्था पुनर्निर्माण

गोरखा जिल्लाको बारपाक केन्द्रबिन्दु बनाएर गएको भूकम्प-२०७२ ले सिङ्गो देशलाई नै स्तब्ध पारेको थियो । १२ र २९ वैशाखमा गएको उक्त विनाशकारी भूकम्पको कारण ९,००० भन्दा बढी मानिसले आफ्नो जीवन गुमाउनु परेको थियो भने २३,००० भन्दा बढी व्यक्तिहरू घाइते भएका थिए । यसैगरी सात लाखभन्दा बढी परिवार घरबार विहीन हुन पुगेका थिए । सिङ्गो राष्ट्रलाई चोट परेको अवस्थामा देशभित्र र देशबाहिरबाट पनि ठूलो परिणाममा सहयोग प्राप्त भयो जसबाट चोटग्रस्त अवस्थामा पुगेका मनहरूलाई बिस्तारै पुरानो अवस्थामा फर्किन सहयोग पुग्यो ।

जिल्ला जनस्वास्थ्य कार्यालय गोरखाको तथ्याङ्क अनुसार जिल्लामा रहेका कुल ८६ वटा स्वास्थ्य संस्थाहरूमध्ये ५५ वटा स्वास्थ्य संस्थामा पूर्णरुपमा क्षति पुगेको थियो भने २२ वटा स्वास्थ्य संस्थामा आंशिक क्षति पुगेको थियो । असल छिमेकी नेपालले गोरखा जिल्लामा राहतको चरणमा काम गर्ने क्रममा विशेष गरी श्रीनाथकोट स्वास्थ्य चौकीको अनुरोध तथा तत्कालीन जिल्ला जनस्वास्थ्य कार्यालय गोरखाको सिफारिस तथा समन्वयमा नेपाल सरकारको तत्कालीन नीति अनुरूप स्वास्थ्य मन्त्रालयसँग सम्झौता गरी कामलाई अगाडि बढाइएको थियो ।

सुरुमा श्रीनाथकोट स्वास्थ्य चौकीमा मात्र जोड दिइएकोमा पछाडि आएर जिल्ला जनस्वास्थ्य कार्यालयको सिफारिस समन्वयमा थप चारवटा स्वास्थ्य चौकीको पुनर्निर्माण गरिएको थियो । प्रिफ्याब प्रविधिमा आधारित पाँच वटा स्वास्थ्य चौकी भवनको पुनर्निर्माण गरी सम्बन्धित समुदायलाई ( श्रीनाथकोट, घ्यालचोक, भुम्लिचोक, घैरुङ र आँपपीपल) हस्तान्तरण गरिएको छ । उक्त स्वास्थ्य चौकी भवन भूकम्प पश्चात निर्माण सम्पन्न भएको गोरखा जिल्लामा नै पहिलो श्रीनाथकोट स्वाथ्यचौकी हो । त्यसपछि  दोस्रो, तेस्रो, चौथो र छैटौंमा क्रमश: घ्यालचोक, भुम्लिचोक, घैरुङ र आँपपीपल स्वास्थ्य चौकी रहेका छन् । यसको लागि गोरखा जिल्ला जनस्वास्थ्य कार्यालयले असल छिमेकी नेपाललाई संस्थाले पुऱ्याएको योगदानको कदर गर्दै पहिलो उत्कृष्ट संस्थाको रूपमा सम्मान प्रदान गरेको थियो ।

## पुनर्निर्माण गरिएका स्वास्थ्य संस्थाको विवरण

| सि.नं | साविकको गा.वि.स. | स्वास्थ्य संस्थाको नाम | जम्मा कोठा सङ्ख्या | थप कार्यहरू | निर्माण समय | दातृ निकाय |
|---|---|---|---|---|---|---|
| १ | श्रीनाथकोट | श्रीनाथकोट स्वास्थ्य चौकी | ८ वटा कोठा, ४ वटा शौचालय | फर्निचर, तारबार, ब्रेष्टवाल, आवश्यक औजार, औषधि, खानेपानी, सोलार, इन्भर्टर, | असोज-चैत्र, २०७२ | आई.एन.एफ. यू.के. |
| २ | घ्यालचोक | घ्यालचोक स्वास्थ्य चौकी | ९ वटा कोठा, ४ वटा शौचालय | | जेठ-असोज, २०७३ | जि.जेड.वि. नेदरल्याण्ड |
| ३ | भुम्लिचोक | भुम्लिचोक स्वास्थ्य चौकी | | | जेठ-असोज, २०७३ | ग्लोबल केयर कोरिया |
| ४ | घैरुङ | घैरुङ्ग स्वास्थ्य चौकी | | | जेठ-कार्तिक, २०७३ | फोरम विडेनेस्ट जर्मनी |
| ५ | आँपपीपल | आँपपीपल स्वास्थ्य चौकी | | | जेठ-पौष, २०७३ | आई.एन.एफ. यू.के. |

## २०७२ भूकम्पबाट प्रभावित गोरखाका स्वास्थ्य संस्थाहरुको विवरण

| स्वास्थ्य संस्थाका प्रकार | सङ्ख्या | पूर्ण क्षति | आंशिक क्षति | सामान्य |
|---|---|---|---|---|
| जिल्ला जनस्वास्थ्य कार्यालय | १ | ० | १ | ० |
| अस्पताल | २ | ० | १ | १ |
| प्राथमिक स्वास्थ्य केन्द्र | ३ | १ | २ | ० |
| स्वास्थ्य चौकी | २४ | ११ | ८ | ५ |
| उपस्वास्थ्य चौकी | ४२ | ३६ | ५ | १ |
| प्रसूति केन्द्र | ३ | १ | २ | ० |
| गर्भवती बालबच्चा स्वास्थ्य जाँच केन्द्र | १ | ० | ० | १ |
| अन्य | १० | ६ | ३ | १ |
| **जम्मा** | **८६** | **५५** | **२२** | **९** |

तथ्याङ्क स्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय, गोरखा









# २. वडा कार्यालय भवन पुनर्निर्माण

गोरखा जिल्लामा अधिकांश सार्वजनिक भवनहरू जस्तै तत्कालीन गा.वि.स. भवन पनि ध्वस्त हुन पुगेको थियो । पूर्ण रुपमा क्षतिग्रस्त श्रीनाथकोट गा.वि.स. भवनमा कतिवटा कागजपत्र समेत भग्नावशेषमा पुरिई काम नलाग्ने भएका थिए । भूकम्पले गाउँ नै ध्वस्त बनाएपछि समुदायलाई बाँडिने राहत तथा नेपाल सरकारले उपलब्ध गराएको सेतो/ रातो कार्ड तथा अन्य सहयोग सुविधा पनि खुला चौरबाट बाँडिएको थियो । यतिमात्र नभएर लामो समयसम्म कार्यालय भवन भग्नावशेषमा परिणत हुँदा त्यहाँबाट सर्वसाधारण नागरिकलाई प्रदान गरिने सेवा सुविधा उपलब्ध गराउन पनि कर्मचारीहरूलाई निकै अप्ठेरो परेको थियो । असल छिमेकी नेपालले श्रीनाथकोटमा काम गर्ने क्रममा उक्त अप्ठेरो अवस्थालाई मध्यनजर गर्दै सम्बन्धित समुदायका सरोकारवाला निकायहरूको अनुरोध अनुसार वडा कार्यालय भवन पुनर्निर्माणको कामलाई अगाडि बढाइएको थियो । असल छिमेकी नेपाल र सम्बन्धित सरोकारवालाहरूले भवन निर्माणको लागि उपयुक्त विकल्प खोज्दा पहिलेको भवन भएको ठाउँ नजिकै रहेको व्यक्तिगत जग्गा प्रचलित मूल्यमा स्थानीय व्यक्तिहरूको निर्णय अनुसार गा.वि.स.को नाममा ८ रोपनी जग्गा खरिद गरी उक्त स्थानमा नै भवन निर्माणको काम अगाडि बढ्यो । जिल्ला विकास समितिको कार्यालय गोरखाबाट भवन पुनर्निर्माणको स्वीकृति लिई संस्थाले भूकम्प प्रतिरोधात्मक डिजाइन ड्रोईङ्ग तयार गरी सम्बन्धित कार्यालयबाट सबै प्रक्रिया पूरा गरेर पास भएपश्चात् गा.वि.स. भवनको पुनर्निर्माणको काम अगाडि बढेको थियो । यसरी पुनर्निर्माण भएको भवन तत्कालीन जिल्ला विकास अधिकारी, दातृनिकायका प्रतिनिधि, संस्थाका पदाधिकारी, गा.वि.स. सचिव, स्थानीय बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधि तथा स्थानीय व्यक्तिहरूको उपस्थितिमा हस्तान्तरण गरिएको थियो । भवनसँगसँगै कार्यालय सञ्चालन गर्न आवश्यक पर्ने फर्निचर, भवनको तारबार, अपाङ्गमैत्री शौचालयको काम पनि भएको थियो । लामो समय पश्चात् भएको स्थानीय निकायको निर्वाचनपूर्व पुनर्निर्माण भएकोले वडा कार्यालयको कामकारबाहीमा निकै सहज भएको छ । हाल पुनर्निर्मित उक्त भवनबाट सिरानचोक गाउँपालिकाको वडा नं ७ को दैनिक सेवाहरू सहज रुपमा प्रदान भइरहेका छन् । यसरी संस्थाले बनाएको भवनको उच्चतम प्रयोग भएको देख्न पाउँदा हामीलाई पनि गौरव अनुभूति भएको छ ।

| सि.नं | साविकको गा.वि.स. | संस्थाको नाम हाल | जम्मा कोठा सङ्ख्या | थप कार्यहरू | निर्माण समय | दातृनिकाय |
|---|---|---|---|---|---|---|
| १ | श्रीनाथकोट गाविस | ७ नं वडा कार्यालय, सिरानचोक गाउँपालिका, गोरखा | ५ वटा कोठा, २ वटा शौचालय स्टोर कोठा | फर्निचर, तारबार, खानेपानी | असोज - चैत्र, २०७२ | जि जेड बि, नेदरल्याण्ड |





# ३. विद्यालय भवन पुनर्निर्माण

११ बजेर ५६ मिनेट, १२ वैशाख २०७२ मा बारपाक केन्द्रबिन्दु भएर गएको विनाशकारी भूकम्पबाट गोरखा जिल्लाका अधिकांश भौतिक संरचनाहरूमा क्षति पुग्नुका साथै ठूलो जनधनको क्षति भएको थियो । सामुदायिक विद्यालयहरू लगायत विभिन्न ऐतिहासिक धरोहरहरूमा ठूलो क्षति पुगेको थियो । विनाशकारी भूकम्पको कारण गोरखा जिल्लामा ३५ जना विद्यार्थी र ७ जना शिक्षक तथा विद्यालय कर्मचारीले ज्यान गुमाउनु परेको थियो । भूकम्प शनिबारको दिन परेकोले अधिकांश कक्षाकोठा ध्वस्त भए पनि धेरै जनाको ज्यान जोगिएको थियो । यदि यस्ता प्राकृतिक प्रकोप विद्यालय सञ्चालन भएको दिनमा परेको भए अकल्पनीय अवस्थाको सामना गर्नुपर्ने हुन्थ्यो । जिल्ला आयोजना कार्यान्वयन इकाई शिक्षाको तथ्याङ्क अनुसार ३०५७ कक्षा कोठा पूर्णरूपमा क्षतिग्रस्त भए भने १०४४ कक्षामा आंशिक रूपमा क्षति भए । यसका साथै शौचालय, खानेपानी, भौतिक सामग्री तथा घेराबारमा समेत ठूलो क्षति भएको थियो । पढ्ने ठाउँहरू ध्वस्त भएपछि धेरै विद्यालयहरूमा पठनपाठन खुला आकाशमुनि सञ्चालन भएको थियो भने केही अस्थायी टहरामुनि सञ्चालन भएका थिए र अझ पनि कति ठाउँहरूमा यसैगरी पठनपाठन भइरहेका छन् ।

असल छिमेकी नेपालले तत्कालीन विषम परिस्थितिमा विद्यार्थी, शिक्षकशिक्षिका तथा अभिभावकहरूलाई आघातको अवस्थाबाट बाहिर ल्याउनको लागि जिल्ला शिक्षा कार्यालय, विद्यालय व्यवस्थापन समिति र सम्बद्ध पक्षहरूसँग मिलेर मनोवैज्ञानिक तालिम, रमाइलो कार्यक्रम, स्वास्थ्य शिविर, साथै अत्यावश्यक वस्तुहरू: जस्ता पाता, फिल्टर तथा आवश्यक शैक्षिक सामग्रीहरू वितरण गरेको थियो । यसरी काम गर्दै जाँदा नेपाल सरकारको पुनर्निर्माण नीति अनुरूप, विद्यालय भवनहरूको पुनर्निर्माणमा सम्बन्धित विद्यालयको अनुरोध तथा जिल्ला शिक्षा कार्यालयको सिफारिस अनुसार सम्बन्धित निकायहरूसँग समन्वय गरी नेपाल सरकार शिक्षा विभाग (सुरुमा) तथा केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा) को नक्सा र मापदण्ड अनुसार साविकको श्रीनाथकोट गा.वि.स.मा विद्यालय भवन निर्माणको काम गरिएको थियो । **संस्था र नेपाल सरकारको भवन निर्माण नीति अनुरूप प्रक्रिया पूरा गरी पुनर्निर्माण भएका विद्यालयहरू जिल्ला आयोजना कार्यान्यवन इकाई शिक्षाको तथ्याङ्क अनुसार गोरखा जिल्लामा हस्तान्तरण भएकोमा श्री चन्द्रोदय माध्यमिक विद्यालय, श्री जनजागृति प्राथमिक विद्यालय र श्री अर्कुल प्राथमिक विद्यालय क्रमशः पहिलो, दोस्रो र तेस्रो भएका थिए भने श्री जनकल्याण माध्यमिक विद्यालय पाँचौं विद्यालय हुन पुगेको थियो ।** नेपाल सरकारको पुनर्निर्माण नीति अनुरूप पुनर्निर्माण गरिएका सबै विद्यालयहरूमा होलिस्टिक मोडेलमा कामहरू गरी बालमैत्री विद्यालय पुनर्निर्माण भएका थिए । जसअन्तर्गत पुनर्निर्माण भएका सम्पूर्ण विद्यालयलाई आवश्यक पर्ने फर्निचरहरू, अपाङ्गमैत्री कक्षाकोठा, अपाङ्गमैत्री शौचालय, विद्यार्थीको लागि शैक्षिक सामग्री साथै विद्यालय सुरक्षाको लागि तारबार जस्ता कामहरू गरिएका थिए । पुनर्निर्मित भवनहरूको गुणस्तर र तिनका सबै प्राविधिक पाटोहरू सकेसम्म राम्रो हुनुपर्छ भन्ने संस्थाको मान्यता अनुसार सबै विद्यालयको प्राविधिक परिक्षण पनि गरिएको थियो । यसैगरी विद्यालय भवन हस्तान्तरण भएको एक वर्षसम्ममा केही प्राविधिक त्रुटिहरू हुन सक्ने आँकलन गरी निर्माण कम्पनीसँग मर्मत-सम्भारको लागि केही रकम छुट्याएर राखी एक वर्ष पश्चात् सम्बन्धित विद्यालयको पुनः चेकजाँच गरी अन्तिम भुक्तानी दिन केही समस्या छैन भन्ने व्यवस्थापन समितिको पत्र प्राप्त गरे पश्चात् निर्माण कम्पनीलाई

बाँकी वक्यौता भुक्तानी दिइएको थियो । पुनर्निर्माण गरिएका सबै विद्यालय भवनहरू निर्माण पश्चात् दैनिक पठनपाठनमा सहजता आएको छ भने विभिन्न प्राकृतिक प्रकोपको पनि जोखिम कम भएको छ । शैक्षिक गुणस्तर बिस्तारै-बिस्तारै सुधार हुंदै गएको परिस्थितिमा अब सबै सम्बद्ध सरोकारवालाहरू मिलेर सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उकास्दै विद्यार्थीको चौतर्फी विकासमा लाग्नुपर्ने बेला आइपुगेको छ ।

## पुनर्निर्माण गरिएका बालमैत्री शैक्षिक संस्थाको विस्तृत विवरण

| सि.नं | स्थान | शैक्षिक संस्थाको नाम | जम्मा कोठा सङ्ख्या | अतिरिक्त कार्यहरू | पुनर्निर्माण समयावधि | विद्यार्थी सङ्ख्या | दातृनिकाय |
|---|---|---|---|---|---|---|---|
| १ | श्रीनाथकोट गा.वि.स. | चन्द्रोदय माध्यमिक विद्यालय, सिम्ले | ४ वटा कक्षा कोठा | छात्र, छात्रा र शिक्षकको लागि अपाङ्गमैत्री शौचालय, कम्पाउण्डको तार बार, आवश्यक फर्निचरहरू | पौष २०७२ - जेठ, २०७३ | १९५ | जि.जेड.वि. नेदरल्याण्ड |
| २ | | श्री जनजागृति प्राथमिक विद्यालय, सिम्ले | ६ वटा कक्षा कोठा | | पौष २०७२ - जेठ, २०७३ | ३३ | वि.एस.एन. नेदरल्याण्ड |
| ३ | सिरानचोक गाउँ पालिका ७ | श्री अर्कुल प्राथमिक विद्यालय, अर्कुल | ६ वटा कक्षा कोठा | | मंसिर २०७२ - जेठ, २०७३ | ३९ | फ्रेन्ड्स अफ नेपाल |
| ४ | | श्री जनकल्याण माध्यमिक विद्यालय, तल्लो गोहोरे | १६ वटा कक्षा कोठा | | माघ २०७३ - जेठ, २०७५ | २२५ | के.एच.डब्लु. ग्लोबल केयर जर्मनी |









# व्यक्तिगत आवास पुनर्निर्माण सहायता परियोजना

गोरखा जिल्लालाई भूकम्पले भौतिक संरचनामा तहसनहस मात्रै पारेन यसले मानसिक रूपमा पनि निकै विक्षिप्त पारेर छोड्यो । वारपाक केन्द्रबिन्दु भएर गएको गोरखा भूकम्पबाट तत्कालिन तथ्यांक अनुसार ६०,००० भन्दा बढी व्यक्तिगत आवासीय घरहरू पूर्ण रूपमा क्षति हुन पुगे । देशको विषम परिस्थितिमा नेपालभित्र र नेपालबाहिर भएका जसले नेपाल र नेपालीलाई माया गर्थे, यस घाउमा मलम लगाउन सबै जना अहोरात्र लागि परेका थिए । नेपाल सरकार र यससँग सम्बद्ध निकायहरूसँगसँगै विभिन्न गैरसरकारी निकायहरूले पनि जिल्लाको पुनर्निर्माणामा महत्वपूर्ण भूमिका खेलेको हामीले अनुभव गरेका छौं । नेपाल सरकारको पुनर्निर्माण नीति अनुरूप असल छिमेकी नेपालले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको व्यक्तिगत आवास नीति अनुरूप विशेष गरी पछाडि परेका र अति विपन्न वर्गहरूको लागि गोरखा जिल्लास्थित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँगको समन्वय तथा सहकार्यमा सम्बन्धित गाउँपालिका, नगरपालिका र वडा कार्यालयहरूसँग निकट समन्वय र स्वीकृतिमा **"व्यक्तिगत आवास पुनर्निर्माण सहायता परियोजना"** कार्यक्रम सञ्चालन भएको थियो ।

गोरखा जिल्लाको गण्डकी गाँउपालिका वडा नं १ मकैसिङ, वडा नं ७ र ८ घ्यालचोक, वडा नं ६ भुम्लिचोक र सिरानचोक गाउँपालिका वडा नं ८ श्रीनाथकोटमा रहेका, पिछडिएका सीमान्तकृत जाति तथा जोखिममा रहेका (एकल महिला/पुरुष, वृद्धा, अशक्त असहाय तथा विपन्न) २७५ घर-परिवारहरूको आवास पुनर्निर्माण सहायतार्थ "व्यक्तिगत आवास पुनर्निर्माण सहायता परियोजना" सञ्चालन गरिएको थियो । जस अर्न्तगत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यविधि, सम्बन्धित वडाको सिफारिस र गाँउपालिकाको प्रमाणीकरणका आधारमा लाभग्राही छनोट गरी आवास पुनर्निर्माण कार्य सम्पन्न भएको थियो । जस अर्न्तगत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यविधि र अनुमति अनुसार प्रति घरधुरीलाई रु. ६०,०००।- बराबरको निर्माण सामग्रीहरू (सिमेन्ट, रड, जस्तापाता, प्लेन पाता), रु. १०,५००।- बराबरको ढुवानी र खाद्यान्न सहायता उपलब्ध गराइएको थियो । यसैगरी निर्माण सामग्री बाहेक संस्थाले हरेक वडामा एक जना इन्जिनियर र सामाजिक परिचालक राखी आवश्यक प्राविधिक तथा सामाजिक परामर्श उपलब्ध गराई, हरेक घर-घरमा पुगी परिवारलाई समयमा घर निर्माण गर्न सहयोग गरिएको थियो । २०७४ चैत्रबाट सञ्चालित यस परियोजना २०७५ पौष महिनासम्म सञ्चालन भएको थियो । दक्ष जनशक्तिको अभाव, निर्माणको चाप, निर्माण सामग्रीको अभाव, बर्सातको मौसम, कठिन र फिँजिएको भौगोलिक अवस्था, लामो र कच्ची सडक लगायत अन्य विविध चुनौतीहरूका बावजुद सबै पक्षको अथक प्रयासले समयमा नै परियोजना समापन गरी २७५ परिवारलाई सुरक्षित वासस्थान उपलब्ध गराउन पाउँदा हामी खुशी भएका छौं ।

व्यक्तिगत आवास पुनर्निर्माण सहायता परियोजना

| सि.नं | स्थान | लाभग्राही संख्या | मिति | दातृ निकाय |
|---|---|---|---|---|
| १ | सिरानचोक गाउँपालिका ७, श्रीनाथकोट | ५० | चैत्र २०७४ देखि पौष २०७५ | आई.एन.एफ यूके |
| २ | गण्डकी गाउँपालिका १, मकैसिङ्ग | ५० | | जि जेड बि नेदरल्याण्ड |
| ३ | गण्डकी गाउँपालिका ६, भुम्लिचोक | १०० | | |
| ४ | गण्डकी गाउँपालिका ७ र ८, घ्यालचोक | ५० | | |
| ५ | थप घरहरु | २५ | | माथिका दुबै |
| जम्मा घरहरु | | २७५ | | |






# नबिर्सने साथ

*समय कति बेला कस्तो चल्छ केही थाहा नहुने रै'छ । तर त्यो समयमा कसले कति साथ दिएको हुन्छ त्यो कहिल्यै नबिर्सने गरी थाहा हुने रै'छ ।*



सुकमाया बराम, सिम्ले श्रीनाथकोट गोरखा

म सुकमाया बराम, घर श्रीनाथकोट, गोरखा । प्यारा २ छोरी, एक छोरा र श्रीमान्को साथ मेरो सानो परिवारमा ठूलो खुसी थियो । दिनहरू हाँसीखुसी नै बित्दै थिए तर यो हाँसो अनि खुसी धेरै दिनको लागी रहेन जब वि.सं. २०७२ सालको भूकम्पले सिङ्गो देशसँगै मेरो जिन्दगी पनि तहसनहस पारिदियो । कति मेहनत गरेर बनाएको घर क्षणभरमै भत्कियो । भूकम्पमा धेरै नेपालीले आफ्ना आफन्त गुमाए पनि हामी भने भाग्यले ज्यान बचाउन सफल भएका थियौं । मेरो श्रीमान् डकर्मी काम गर्नुहुन्थ्यो । कामकै सिलसिलामा सामान ल्याउने क्रममा भीरबाट खसेर उहाँको ज्यान गयो । निर्दयी दैवले मेरो बास मात्र होइन, जिउने आश पनि उठाएर लग्यो । म धेरै आत्तिएँ । अब कहाँ जाउँ के गरौं ? छोराछोरीको भविष्य कतातिर देखाऊँ ?

एउटी छोरीको त बिहे गरिसकेकी थिएँ तर पीर थियो अर्की छोरी अनि छोराको । म उनीहरूको बाबाआमा दुवै भएर बस्ने कोसिस गरें । भाग्यलाई दोष दिने कि कर्मलाई ! यतिले पुगेनछ क्यारे ! घरजम भएर बसेकी छोरीको समेत सम्बन्ध विच्छेद भएर ऊ पनि मैसँग बस्ने भई । घर बनाएर परिवारलाई राख्ने छोराको सोच थियो । भूकम्पले भत्काएको घरलाई बिस्तारै उठाउने कोसिस गरेका थियौ । ऊ आफैं दिनरात नभनी मेहनत गर्थ्यो तर यहाँनेर फेरि भाग्य वैरी बनिदियो । घर बनाउने क्रममा करेन्ट लागेर छोराको पनि मृत्यु भयो ।

त्यो भत्केको घर अनि म बूढी सासू । यस्तोमा बुहारी के बस्थिन् र ? छोराको झल्को मेटाउने त्यही नाति थियो । उसलाई पनि लिएर बुहारी पोखरा बस्न थालिन् । जीवनमा जतिसुकै उतारचढाव आए पनि आखिर बाँच्नैपर्ने रहेछ । भन्छन् नि सास रहुन्जेल आश । सम्बन्ध विच्छेद भएर माइतमा बसेकी छोरी नै छोराले जस्तै मेहनत गर्न थाली । जसोतसो मलेसिया पुगेर लेवरको काम गर्न थाली । छोरीमान्छे परदेशमा गएर लेवरको काम गर्दा कति दुःख भयो होला । दिनरात मेहनत गरेको पैसाले 'घर बनाऊ है आमा' भनी पठाउँथी । लाचार भएर छोरीको त्यो दुःख सम्झँदै म उक्त रकम घर निर्माणमै खर्च गर्थें । तैपनि ऊ एक्लीको कमाइले घर बनाउन साह्रै समय लाग्ला जस्तो लागेको थियो ।

दुखमा भगवान् (परमेश्वर)ले कुनै न कुनै रूपले हेर्छन् भन्थे, हो रैछ क्यार ! मेरो जीवनमा असल छिमेकी नेपाल त्यसरी नै आयो । आज असल छिमेकीकै सहयोगले दुखमा पनि केही राहत मिलेको छ । आफ्नो परिवार फेरि पाएजस्तो लागेको छ । उहाँहरूकै सहयोगले आज छिट्टै घर निर्माण कार्य सफल हुँदै छ । असल छिमेकी नेपाललाई म लगायत म जस्तै नेपाली मनहरूको तर्फबाट धेरैधेरै धन्यवाद !

# दक्ष जनशक्ति तालिम कार्यक्रम

## १ पृष्ठभूमि

०७२ सालको भुकम्प पश्चातका संरचनाहरू पुनर्निर्माणको लागि आवश्यक दक्ष जनशक्ति उप्पादन गर्नको लागि सहरी विकास तथा भवन निर्माण विभाग गोरखा र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गोरखाको समन्वयमा असल छिमेकी नेपाल पोखराले दक्ष जनशक्ति तालिम कार्यक्रम सञ्चालन गरेको छ । डकर्मी तालिमको लागि सहरी विकास तथा भवन निर्माण विभागले तयार पारेको हप्ता दिनको विषय वस्तुमा आधारित तथा हाउस वायरिङ र बेसिक प्लम्बिङ्गको लागि Council for Technical Education & Vocational Training, National Skill Testing Board अन्तर्गत तह एकको विषयबस्तुको आधारमा तालिमहरू सञ्चालन भई National Skill Testing Board को परीक्षामा समावेस गरिएको थियो ।

२ परियोजना सञ्चालन भएका स्थानहरू

साविकका गाउँ विकास समितिहरू : च्याङलिङ, आँपपीपल, पालुङटार, धुवाकोट, गाईखुर देउराली खरीबोट, दर्बुङ, घ्याल्चोक, श्रीनाथकोट, थालाजुङ्ग, केराबारी र जौबारी ।

३ सहभागी छनौट प्रक्रिया

तलिम कार्यक्रमको लागि आवश्यक प्रशिक्षार्थी छनौटको लागि स्थानीय वडा कार्यलय तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्राविधकहरुसंगको समन्वय तथा तालिममा सहभागी हुन इच्छा भएका व्यक्तिहरूको अन्तर्वार्ता मार्फत छनौट गरिएको छ ।

४ तथ्याङ्कहरू

सञ्चालन भएको तालिम तथा सहभागी सङ्ख्या

| क्र.स. | क्रियाकलाप | इकाइ | तालिम सङ्ख्या | लक्षित सहभागी सङ्ख्या | उपलब्धि |
|---|---|---|---|---|---|
| १ | डकर्मी तालिम | सङ्ख्या | १३ | ३२५ | ३२५ |
| २ | हाउस वायरिङ | सङ्ख्या | ३ | ५० | ५० |
| ३ | प्लम्बिङ्ग | सङ्ख्या | ३ | ५० | ५० |

## दक्ष जनशक्ति तालिमको प्रभाव मूल्याङ्कन कार्यक्रम

| क्र.स. | क्रियाकलाप | इकाइ | लक्षित सहभागी | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|
| १ | डकर्मी तालिम | सङ्ख्या | ३२५ | २१६ | |
| २ | हाउस वायरिङ | सङ्ख्या | ५० | ४० | |
| ३ | प्लम्बिङ | सङ्ख्या | ५० | ३१ | |

Council for Technical Education & Vocational Training, National Skill Testing Board मार्फत भएको परीक्षाको नतिजा

| क्र.स. | क्रियाकलाप | इकाइ | परीक्षामा सहभागि | उत्तीर्ण | कैफियत |
|---|---|---|---|---|---|
| १ | हाउस वायरिङ | सङ्ख्या | ५० | ५० | |
| २ | प्लम्बिङ | सङ्ख्या | ५० | ४९ | |









# तालिमले ल्याएको परिवर्तन

पालुङटार ६, गाईखुर घर भएका राजु वि.क करिब २९ वर्षका भए । उनी आफ्नी आमा र श्रीमतीसँग बस्दछन् । घरको आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा उनलाई निकै गाह्रो भएको र आफ्नो घरको आवश्कताहरु पुरा गर्नका लागि उनी विदेशिनुको पीडा पोख्दछन् । उनी केही वर्ष विदेशमा काम गरेर फर्किएपछि उनले सामान्य तरिकाबाट आफ्नो जिवन यापन गरिरहेको कुरा बताउँछन् । कहिलेकाहीँ अरूको घर बनाउन त कहिले आफ्नै घरको कामहरू जस्तै खेतीपाती, मेलापात गर्ने कुरा बताउछन् । घर त बनाउन जान्थे तर उनलाई कस्तो खालको घर बनाउँदा राम्रो हुन्छ, कस्तो खालको घर बलियो हुन्छ भन्ने कुराको त्यति ज्ञान थिएन । असल छिमेकी नेपाल पोखराले उनको गाउँघरका मानिसहरूलाई उपलब्ध गराएको डकर्मी तालिममा म पनि सहभागी हुने अवसर प्राप्त गरे ।



असल छिमेकी नेपाल पोखराको सहजीकरणमा दिएको तालिममा सहभागी भए पश्चात् उनले धेरै कुराहरु सिक्न र जान्न पाएको, आम्दानीको अर्को बाटो खुलेको छ भन्दै खुशी व्यक्त गर्छन् । आफ्नै गाउँघरमा काम गर्ने वातावरण मिलेको छ भन्छन् । तालिम पश्चात् उनले घर कसरी र कस्तो खालको बनाउदा बलियो हुन्छ, भूकम्प प्रतिरोधात्मक घर कसरी निर्माण गर्ने, घर बनाउँदा अपनाउनुपर्ने विधिहरु सिकेको कुरा बताउनु भयो । झन् सि.टि.ई.भि.टि (राष्ट्रिय सिप परिक्षण समिति) बाट प्रमाण प्रत्र पाए पछि त काम गर्न निकै सहज भएको कुरा उनी व्यक्त गर्छन् ।

# जीविकोपार्जन तथा स्वास्थ्य परियोजना प्रतिवेदन

२०७२ साल वैशाखको भूकम्पका कारण गोरखा लगायतका जिल्लाहरूमा धेरै जनाले ज्यान गुमाउनु पऱ्यो । धेरै मानिसहरू घरबारविहीन भए । आपतकालीन राहतको साथै प्रभावित क्षेत्रहरूमा एकातिर भत्किएका संरचनाहरू पुनर्निर्माण गर्नुपर्ने थियो भने पीडितहरूको पुनर्स्थापनाको काम पनि उत्तिकै चुनौतीपूर्ण थियो । सोही कुरालाई मध्यनजर गर्दै, नेपाल सरकारको राष्ट्रिय पुनर्निमार्ण नीति अनुरूप असल छिमेकी नेपालले पनि विशेष गरी पुनर्निर्माणमा काम गरेका साविकका पाँच गा.वि.स.हरूमा केन्द्रित भई जीविकोपार्जन तथा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरेको थियो । यस परियोजनाले गोरखा जिल्लाको श्रीनाथकोट, भुम्लिचोक, घ्यालचोक, घैरुङ, आँपपीपल लगायत गोरखाका केही अन्य ठाँउमा भूकम्प प्रभावितहरूको जीवनस्तरमा सुधार ल्याउनको लागि आवश्यकतामा आधारित जीविकोपार्जन तथा स्वास्थ्यको क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको थियो । यही मिति २०७५ फागुन महिनादेखि औपचारिक रूपमा भूकम्प प्रभावितहरूको लागि सञ्चालित जीविकोपार्जन तथा स्वास्थ्यको सम्पूर्ण कामहरू सफलतापूर्वक समापन हुँदैछन् । यस परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमहरूको विवरण यस प्रकार रहेको छ ।

## १. एक महिने हाउस वायरिङ्ग तथा प्लम्बिङ्ग तालिम

समुदायमा रहेर काम गर्दै जाने सिलसिलामा समुदायमा देखिएको अभाव र आवश्यकतालाई मध्यनजर गरी विशेषतः बेरोजगार भएर बसेका युवाहरूलाई लक्षित गरी सम्बन्धित गाउँका सरोकारवाला निकायहरूको समन्वय तथा अनुमतिमा यो कार्यक्रम संचालन भएको थियो । सि.टि.इ.भि.टि लेभल १ को एक महिने हाउस वाईरिङ्ग तथा प्लम्बिङ्ग तालिम दुई चरणमा गरी आयोजना गरिएको थियो । हाउसवायरिङ्गमा २७ र प्लम्बिङ्गमा १३ जना गरी जम्मा ४० युवाहरूले नेपाल सरकारबाट मान्यता प्राप्त इन्स्टिच्यूटबाट तालिम प्राप्त गरे । जसमा ३६ जना सहभागीले सि.टि.ई.भि.टि लेभल १ को परीक्षा उत्तीर्ण गरे भने बाँकी ४ जना पास गर्न असफल भएका थिए । तालिमको समापनमा सबैजना प्रशिक्षार्थीहरूलाई आवश्यक पर्ने औजारहरू प्रदान गरिएको थियो । यस तालिम सकेर फर्केका प्रशिक्षार्थीहरूले अहिले आफ्नै गाउँठाउँमा राम्रो स्वरोजगारको अवसर प्राप्त गरेका छन् ।

कार्यक्रमको सङ्ख्यात्मक विवरण :

| सि.नं | कार्यक्रम भएको स्थान | लक्षित सङ्ख्या | लाभान्वित सङ्ख्या | | तालिमको मिति | तालिमको नाम |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | |
| १. | पोखरा पोलिटेक्निकल इन्स्टिचुट, लामाचौर | ३० | - | १५ | २०७५।५।४-२०७५।६।४ | हाउस वाईरिङ्ग |
| | | | | १२ | २०७५।८।३-२०७५।९।४ | |
| २ | | | - | १३ | २०७५।५।४-२०७५।६।४ | प्लम्बिङ्ग |
| जम्मा संख्या | | ३० | जम्मा | ४० | | |

## वितरण गरिएका सामानहरूको विवरण :

| S.n. | Electrical Tool's Details | S.n. | Plumbing Tool's Details |
|---|---|---|---|
| 1 | Tape Measure | 1 | Tape Measure |
| 2 | Voltage Tester | 2 | Pipe wrench 14'' |
| 3 | Line Tester | 3 | Pin Hammer 300gm |
| 4 | Chisel 12'' | 5 | Hacksaw set |
| 5 | Pin Hammer 300gm | 6 | Slide wrench 12'' |
| 6 | Wire Stripers | 7 | Phillips Screw driver |
| 7 | Side Cutting Diagonal Pliers 8'' | 8 | Chisel 300 mm |
| 8 | Combination Pliers | 9 | Thread(3/4'') |
| 9 | Sprit level 300 mm | 10 | Thread(1/2'') |
| 10 | Phillips Screw driver | 11 | Thread(1'') |
| 11 | Wire Crimper | 12 | Monkey Plier |
| 12 | Grove Pliers | 13 | Hand Drill Press Machine 13 mm |
| 13 | Strait blade screw driver | 14 | Tool Bag |
| 14 | Utility knife | | |
| 15 | Hand Drill Press Machine 13 mm | | |
| 16 | Tool Bag | | |








# सफलताको कथा : सीपले मानिसलाई दक्ष बनाउँछ

२७ वर्षीय सन्जीव रेग्मी गोरखा जिल्लामा बस्छन् । उनको परिवारमा चार सदस्य छन् । उनको पारिवारिक आम्दानीको मुख्य स्रोत खेती-किसानी नै हो । उनी र उनको परिवारले खेतबारीमा निकै कडा परिश्रम गर्छन् तर पनि त्यो मेहनत र परिश्रमबाट उब्जेको अनाजले ६ महिना मात्र पुग्छ ।



उनका बुबाले थप पारिवारिक आवश्यकताहरू पूरा गर्न बाँकी ६ महिनासम्म ज्यालादारी काम गर्छन् । उनी परिवारको जेठो छोरो भएका कारण उनी सोच्ने गर्थे, "अब त १२ पास पनि भएँ । काम पनि पाइन्छ होला । चाँडै काम सुरु गरेर परिवारलाई आर्थिक सहायता गर्छु ।" उनले धेरै ठाउँहरूमा कामको खोजी गरे तर पनि दुःखको कुरा कहीँ कतै पाउन सकेनन् किनकि उनीसँग कुनै ज्ञान र सीप थिएन ।

एक दिन उनले वडा कार्यालयबाट असल छिमेकी नेपालले एक महिने हाउस वाईरिङ तालिम दिँदै छ भन्ने खबर पाए । त्यसपछि उनले यो तालिमप्रति निकै चासो देखाए । तालिमको लागि छनौट पनि भए । उनले तालिम पूरा गरेर नेपाल सरकारबाट हाउस वाईरिङमा ए लेभल पास गरी प्रमाणपत्र पाए । भविष्यमा काम पाइन्छ भनेर आशावादी उनी यसबाट निकै खुशी थिए । सोचे जस्तै सन्जीवको जीवनमा भयो । त्यो तालिमपछि जब उनी आफ्नो घरतिर फर्के तब उनलाई एउटा नजिकको बिजुली पसलबाट टेक्निसियनको रूपमा काम गर्नको लागि फोन आयो । उनी त्यहाँ गए र काम गरे । उनी आफ्नो काममा धेरै खुशी र उत्साहित थिए । उनले सन् २०१५को भूकम्पपछि निर्माण गरिएको आफ्नै घरको पनि बिजुलीको सम्पूर्ण काम गरे । यसबाट उनका आमाबाबु पनि खुशी भए । अहिले उनी चाहे अनुसारको सरसमानहरू मगाई आफ्नै प्रकारले काम गरिरहेका छन् । सन्जीव भन्छन्, "म असल छिमेकी नेपालप्रति अत्यन्तै धन्यवादी छु किनकि यस संस्थाले मलाई यस्तो महत्वपूर्ण तालिम उपलब्ध गराई हाउस वाईरिङ गर्न सक्ने व्यक्ति बनाएको छ । यो क्षेत्रमा एकदम धेरै अवसरहरू रहेछन् । अहिले मैले मेरो परिवारलाई हाउस वाईरिङको काम गरी आर्थिक रूपमा सहायता गर्न सकेको छु ।"



सन्जीवले दोस्रो तहको परीक्षा पनि दिने योजना बनाइरहेका छन् । हामी पनि ढुक्क छौं कि उनले त्यो परिक्षा पनि पास गर्नेछन् ।

## २. ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम

संस्थाले सीपमूलक तालिमलाई प्राथमिकता दिने क्रममा गाउँ समुदायको लागि निकै नै महत्वपूर्ण रहेको नेपाल सरकार प्राविधिक शिक्षालयबाट मान्यता प्राप्त ३५ दिने ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता (भेटेरेनरी) तालिम दुई चरणमा आयोजना गरेको थियो । नव निर्वाचित जनप्रतिनिधिहरूको सिफारिस

अनुसार, बीचमा नै अध्ययन छोडेर बेरोजगर बसेका व्यक्तिहरूको लागि दरखास्त आव्हान गरेर ४६ जनालाई छनोट गरी कान्तिपुर बहुप्राविधिक शिक्षालय, भरतपुर चितवनसँगको सहकार्यमा नेपाल सरकारबाट मान्यताप्राप्त ३५ दिने ग्रामीण पशु-स्वास्थ्य तालिम सफलतापूर्वक प्रदान गरिएको छ । तालिम पश्चात धेरैजना सहभागीहरूले आफ्नै समुदायमा रहेर काम गरिराखेका छन् भने जिल्ला पशु-स्वास्थ्य कार्यालयले हरेक प्रशिक्षार्थीहरूलाई पहिलो तहको प्रमाणपत्र प्रदान गरेको छ । जसको कारण उनीहरूलाई विधिवत् रूपमा रोजगारीको ढोका पनि खुलेको छ । सहभागीहरूलाई बर्डिजो, कर्भिङ्ग रोप, हर्न कटिङ्ग वाईर जस्ता आधारभूत सामानहरू पनि वितरण गरिएको थियो । नेपाल सरकारबाट प्रदान गरिएको प्रमाण पत्रलाई सि.टि.इ.भि.टी.बाट लेभल १ बराबरको मान्यता प्रदान भएको छ ।

**कार्यक्रमको सङ्ख्यात्मक विवरण :**

| सि.नं | कार्यक्रम भएको स्थान | लक्षित सङ्ख्या | लाभान्वित सङ्ख्या | | | तालिमको मिति | स्थान |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १. | कान्तिपुर बहुप्राविधिक शिक्षालय, भरतपुर, चितवन | ४५ | २ | ६ | ८ | २०७४।४।५-२०७४।५।७ | श्रीनाथकोट |
| २. | | | ३ | ४ | ७ | | भुम्लिचोक |
| ३ | | | ३ | ४ | ७ | | घ्यालचोक |
| ४ | | | ३ | ३ | ६ | | अन्य |
| ५ | | | २ | ७ | ९ | २०७४।७।२९-२०७४।८।४ | आँपपीपल |
| ६ | | | ५ | ४ | ९ | | घैरुङ |
| | जम्मा | ४५ | १८ | २८ | ४६ | | |





# सफलताको कथा : मेरो चाहना साकार भयो



म कालिकाप्रसाद ढकाल हुँ । अहिले म ५० वर्षको भएँ । मेराबुबा, पत्नी दुई छोरा र दुई छोरी छन् । मेरो घर सिरानचोक गाउँपालिका वडा नं. ७ श्रीनाथकोट, गोरखामा पर्छ । म एक किसान हुँ । परम्परागत रूपमा मैले आमा-बाबुसँग खेती गर्न सिकें र हामी अहिलेसम्म पनि खेती-किसानी गर्दै आइरहेका छौं । म श्रीनाथकोट गा.वि.स. छँदा २ नं. वडाको वडा संयोजकको रूपमा कार्यरत थिएँ । त्यो समयमा म अब मैले मेरो, परिवारको र समाजको लागि केही न केही त गर्नैपर्छ भन्ने सोचिरहेको थिएँ । म केवल मेरो क्षेत्रमा केही गर्नको लागि बाटो खोज्दै थिएँ । अस्ल छिमेकी नेपालले ३५ दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिमको अवसर प्राप्त गरेको थाहा पाए पश्चात मैले पनि आवेदन दिएँ । त्यसपछि मैले मेरो वडाबाट सिफारिस पत्र लिएर ३५ दिने ग्रामीण पशु-स्वास्थ्य कार्यकर्ता तालिममा सहभागी हुने मौका प्राप्त गरे ।



३५ दिनको अवधिमा मैले तालिमबाट पशु स्वास्थ्यसँग सम्बन्धित धेरै प्राविधिक कुराहरू, रोग निवारणका उपायहरू, गर्नुपर्ने औषधोपचारका कुराहरू सिक्ने मौका पाएँ । त्यति मात्र नभएर म जस्तो व्यक्तिले नेपाल सरकारको मान्यता प्राप्त प्राविधिक शिक्षालयबाट पहिलो तहको प्रमाण पत्र पनि प्राप्त गर्न सके । तालिम पश्चात हाल म मेरो आफ्नै गाउँ ठाउँमा विभिन्न प्रकारले बिमार भएका पशु चौपायाहरूको उपचारमा संलग्न भई समुदायलाई सेवा प्रदान गर्ने मौका प्राप्त गरेको छु भने मेरो आफ्नो आयआर्जन पनि राम्रोसँग चलिरहेको छ । अहिले यी दिनहरूमा म मेरो ठाउँमा भएका पशुपंक्षीहरूमा आउने सबै खालका रोग तथा समस्याहरूको समाधान साथै उपचार गर्दै सेवा गरिरहेको छु । पशुपंक्षीहरूमा भएका रोगहरूका लागि उपचार गर्न औषधिहरू पनि खरिद गरी ल्याइसकेको छु । यसलाई व्यावसायिक रूपमा नै लैजाने योजना छ । पशुपंक्षीहरूको उपचारहरू जस्तै गोरु तथा बोकालाई खसी पार्ने, पशुपंक्षीहरूमा आएका ज्वरो तथा सिँगान बग्ने रोगको उपचार, भैंसी तथा गाईको पाठेघर खसेको अवस्थामा पाठेघर भित्र हालिदिने, खसी तथा बोकाको ठूलो पेट भएमा उचित उपचार दिने साथै स्थानीय बासिन्दाहरूलाई पशुपंक्षीहरूको स्वास्थ्यप्रति जागरुक गराउँदै छु । गत महिना मेरै वडामा अस्ल छिमेकी नेपालकै आयोजनामा सञ्चालित बाख्रा पालनसम्बन्धी तीन दिने तालिममा पनि सहभागी भई सिक्ने र सिकाउने काम गरेको थिएँ । यसले पनि त्यो वडाभरि नै मलाई यसले पशुपंक्षीहरूको औषधि उपचार गर्दोरहेछ भनेर चिनाएको छ । म पहिले सामान्य किसानबाट अहिले पशुपंक्षीहरूको औषधि उपचार गर्न सक्ने पशु-स्वास्थ्यसेवक भएको छु । अस्ल छिमेकी नेपालले नै यी सबै कुरा गर्न सक्ने बनाएको छ । *जस्तो नाम उस्तै काम गर्ने यस संस्थालाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।*

## ३. मौरीपालन तालिम तथा मौरीघार वितरण कार्यक्रम

परम्परागत तरिकाबाट गरिदै आएको खेती किसानी प्रविधिबाट अभ्यस्त समुदायलाई कसरी आधुनिक तौरतरिकाले खेती किसानीमा सहायता पुऱ्याउन सकिन्छ भन्ने उद्देश्यको साथमा असल छिमेकी नेपालले जिल्ला तथा गाउँपालिका स्तरीय कृषि कार्यालयहरूसँग समन्वय गरी मौरीपालन तालिमको आयोजना गरिएको थियो । यस उन्नत मौरीपालन तालिममा सम्बन्धित वडाले सिफारिस सहित छनौट गरी पहिला पनि यस पेशामा आवद्ध भएका सहभागीहरूले सहभागिता जनाएका थिए । तालिमलाई मौरीसँग सम्बन्धित विषयमा दक्षता हासिल गरेका प्रशिक्षकहरूले सहजीकरण गरेका थियो । तालिममा पूरा समय सहभागी हुने प्रत्येक सहभागीहरूलाई त्यस समुदायलाई सुहाउँदो जातको मौरी सहितको एक एक थान आधुनिक मौरीघार वितरण गरिएको थियो । तालिम प्राप्त गरेका सबै ठाउँहरूमा सहभागीहरू आफैंले मौरीपालन समूह गठन गरेका छन् । जसको उद्देश्य आगामी दिनमा यसलाई व्यवस्थित र व्यावसायिक रूपमा अगाडि बढाउने रहेको छ । यसै गरी सम्बन्धित वडाले पनि मौरी पालक कृषकहरूलाई प्रोत्साहन गर्नको लागि सफल मौरीपालकलाई पुरस्कार दिने घोषणा पनि गरेको छ । यस कार्यक्रमबाट विशेष गरी त्यस क्षेत्रका मानिसले मौरीपालन व्यवसायले मानिसको जीवनस्तर सुधार मात्र होइन, वातावरणको लागि पनि अति महत्वपूर्ण हुन्छ भन्ने पाठ सिकेका छन् ।

कार्यक्रमको सङ्ख्यात्मक विवरण :

| सि.नं | कार्यक्रम भएको स्थान | लक्षित सङ्ख्या | लाभान्वित सङ्ख्या | | | तालिम सम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १. | घ्यालचोक | १०० | १३ | ३७ | ५० | १८-२०, असोज, २०७५ | प्रत्येक घरपरिवारलाई आधुनिक मौरीघार वितरण गरिएको छ । |
| २ | श्रीनाथकोट | | ९ | १६ | २५ | १७-१९, कार्तिक, २०७५ | |
| ३ | भुम्लिचोक | | ६ | १९ | २५ | १२-१४, मंसिर, २०७५ | |
| | जम्मा | | २८ | ७२ | १०० | | |






# सफलताको कथा : मैले थाहा पाएँ

म अमरबहादुर गुरुङ, वर्ष ५२ को भएँ । म घ्यालचोकमा बस्छु । मौरीपालन व्यवसाय वातावरण तथा स्वास्थ्यको लागि निकै फाइदाजनक रहेछ । मैले यसभन्दा पहिले पनि मौरीपालन तालिम लिएको थिएँ तर व्यवहारमा लागू नभएको कारणले त्यसबाट केही लाभ मिलेको थिएन । किनकी बाजेको पालादेखि नै मुडे घार ९ वटा जति थिए । मह किन्नको लागि दिनमा १०/१२ जना आउँथे तर मागअनुसार मैले मह राम्रो उत्पादन गर्न सकिरहेको थिइनँ । असल छिमेकी नेपाललाई धन्यवाद दिन चाहन्छु, कारण उहाँहरू हाम्रै गाउँघरमा आएर तालिमको आयोजना गरेर सिकाउनु भयो । मुख्य कुरा मुडे घारबाट आधुनिक घारमा मौरी सार्न पनि अभ्यास गरेर नै सिकाउनु भयो । मसँग आज आधुनिक घारहरू पनि छन् । मैले बिस्तारै मुडे घारबाट आधुनिक घारमा सार्दैछु । म एक व्यावसायिक मौरीपालक बन्न चाहन्थे, यसमा असल छिमेकीले सञ्चालन गरेको तालिम तथा वितरण गरेको मौरीघारले ठूलो सहायता मिलेको छ ।



हामी संयुक्त परिवारमा बस्छौं । मेरो परिवारमा ८ जना सदस्यहरू छन् । यो पेशाबाट हाल मेरो परिवारमा आर्थिक टेवा मिलेको छ । तालिम पश्चात् मह पनि राम्रै उत्पादन गर्न सकेको छु । १० घारबाट वर्षको करिब रु. २०,००00 कमाउने आशा गरेको छु । तालिमबाट सिकेका कुराहरूलाई व्यवहारमा लागू गरी मौरीको घार र मौरी बढाएर पूर्ण रूपले व्यावसायिक तरिकाले यो पेशालाई अगाडि बढाउने र आर्थिक उन्नति गरी घर परिवार साथै नातिनातिनाहरूलाई गुणस्तरीय शिक्षा दिने विचार गरेको छु ।



## ४. बाख्रापालन तालिम तथा बाख्रा वितरण कार्यक्रम

निम्न आयस्तर तथा समुदायमा सबै प्रकारले पछाडि परेका साथै भूकम्पको कारण थप आघातित परिवार तथा समुदायलाई लक्षित गरी उनीहरूको जीविकोपार्जनमा सहायता पुऱ्याउने लक्ष्यका साथ यो कार्यक्रम आयोजना गरिएको थियो । सिरानचोक ७, श्रीनाथकोट र गण्डकी गाउँपालिका ६, ७ र ८ मा सञ्चालित यस तालिममा पनि सम्बन्धित वडाले सहभागी छनौट गरी सिफारिस गरेको थियो भने जिल्ला तथा समुदायस्थित पशु स्वास्थ्य निकायहरूसँगको प्रत्यक्ष समन्वयमा, सम्बन्धित क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिहरूबाट बाख्रापालन तालिम सञ्चालन गरिएको थियो । तालिममा पूरा समय सहभागिता जनाएका सहभागीहरुलाई वडाको समन्वय र उपस्थितिमा संस्थाले उनीहरूको जीविकोपार्जन केही मात्रा भए तापनि सहयोग पुगोस् भनेर उन्नत जातका बाख्रा र बोकाहरू वितरण गरिएको थियो । संस्थाले समय-समयमा गरेको अनुगमनमा ८० प्रतिशतभन्दा बढी बाख्राबाट फाइदा लिन सफल भएका छन् ।

**कार्यक्रमको सङ्ख्यात्मक विवरण :**

| सि.नं | कार्यक्रम भएको स्थान | लक्षित सङ्ख्या | लाभान्वित सङ्ख्या | | | तलिमको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १. | घ्यालचोक | १२५ | ४२ | २५ | ६७ | १-३, जेठ, २०७४ र १३-१५, २०७२ | तालिम लिएका मध्ये १२५ घरपरिवारलाई बाख्रा वितरण गरिएको छ । |
| २ | श्रीनाथकोट | | ११ | १७ | २८ | २३-२५, असोज, २०७४ | |
| ३ | भुम्लिचोक | | २६ | २४ | ५० | ४-५, श्रावण, २०७३ र २०-२१, जेठ, २०७४ | |
| | जम्मा | | ७९ | ६६ | १४५ | | |







# सफलताको कथाः भविष्यमा एउटा सफल व्यवसायी बन्ने लक्ष्य छ ।

घ्यालचोकमा असल छिमेकी नेपालद्वारा सञ्चालित बाखापालन तालिममा सहभागीहरूमध्ये तुलबहादुर गुरुङ एक सक्रिय सहभागी थिए । उमेरको हिसाबले अलि पाको भए तापनि सिकाइको हिसाबले निकै अगाडि थिए । उनको आर्थिक अवस्था निकै कमजोर छ । उनी खेती-किसानी गरी जेनतेन आफ्नो परिवारको लालनपालन गर्दै आइरहेका छन् । उनी तालिममा आउनुभन्दा पहिलेदेखि नै आफ्नो घरमा बाखा पाल्दै आइरहेको थिए तर खोर व्यवस्थित गर्ने तरिका भने उनलाई राम्रोसँग थाहा थिएन । यसै कारणले होला, बाखाहरू धेरै बिरामी पर्थे । त्यसले गर्दा राम्रो उत्पादन लिन सकिरहेको थिएनन् । यस्तो अवस्थामा उनले तालिमबाट खोर निर्माण गर्ने तरिका, जुकाको औषधी खुवाउने तरिका र पि.पि.आर. खोप लगाउने समय सम्बन्धी ज्ञान हासिल गरे । तालिम पश्चात सुरुमा उनले खोर व्यवस्थापन गरे । समय-समयमा जुकाको औषधी खुवाउन थाले । सरसफाइमा ध्यान दिन थाले । यसरी काम सुरु गरेपछि बिस्तारै बाखाहरू राम्रो हुन थाले ।



असल छिमेकी नेपालबाट एउटा बाखा पनि प्रदान गरिएको थियो । हाल बाखाले एउटा पाठा र एउटा पाठी जन्माएको छ । उनको घरमा भेट्दा उनी निकै खुसी देखिन्थे । भविष्यमा अझ धेरै बाखाहरू थपेर व्यावसायिक बाखापालक बन्ने योजना राखेका छन् । उनी अबको ५ महिनापछि पाठा बेचेर करिब २० देखि २५ हजारसम्म कमाउन सक्ने कुरा बताउँछन् । उनी असल छिमेकी नेपालले लगाएको गुण कहिले बिर्सन नसक्ने बताउँछन् । उनी भन्छन्, “असल छिमेकी नेपाल साँच्चिकै एउटा असल संस्था हो, जसको कारण मेरो जीवनमा एउटा परिवर्तन आएको छ । यस संस्थाले म जस्तै अरू धेरै किसान दाजुभाइहरूको बीचमा काम गर्दै जान शुभकामना सहित अनुरोध गर्दछु ।”

## ५. नगदेबाली तालिम तथा बिउबिजन वितरण कार्यक्रम

व्यावसायिक रूपमा खेती किसानी गरिराखेका भएका तथा उन्नत तरिकाले व्यावसायिक खेती गर्न इच्छुक घ्याल्चोक, भुम्लिचोक र श्रीनाथकोटका भूकम्प प्रभावित समुदायको लागि नगदेबाली तालिम सञ्चालन गरिएको थियो । यस कार्यक्रममा पनि सम्बन्धित वडा तथा सरकारी निकायसँग प्रत्यक्ष समन्वयमा सहभागीहरू छनौट गरी कृषि प्राविधिकहरूद्वारा तालिम प्रदान गरिएको थियो । तालिमका सहभागीहरूलाई स्थानीय कृषि प्राविधिकको सल्लाहअनुसार ठाउँ सुहाउँदो बिउबिजनहरू वितरण गरिएको थियो । यस कार्यक्रममा सहाभागी हुने सहभागीहरूले आफ्नै गाउँमा उन्नत तरिकाले तरकारी बाली, मल बनाउने तरिका लगायत दैनिक रूपमा प्रयोग गर्न सकिने व्यवहारिक कुराहरू सिक्ने अवसर जुटाइदिएको लागि संस्थाप्रति आभार प्रकट गरेका थिए ।

**कार्यक्रमको सङ्ख्यात्मक विवरण :**

| सि.नं | कार्यक्रम भएको स्थान | लक्षित सङ्ख्या | लाभान्वित सङ्ख्या | | | तालिमको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १. | घ्यालचोक | १०० | १६ | ३२ | ४८ | २८-३०, श्रावण, २०७५ | तालिम लिने सबै र थप २ घर गरी ११७ घर-परिवारलाई बिउबिजन वितरण गरिएको छ । |
| २ | श्रीनाथकोट | | १९ | ९ | २८ | १७-१९, कार्तिक, २०७५ | |
| ३ | भुम्लिचोक | | २९ | १० | ३९ | ७-९, असोज, २०७५ | |
| | जम्मा | | ६४ | ५१ | ११५ | | |





# सफलताको कथा : तरकारी फलेको देख्दा खुशी भएँ



लिलाकुमारी भुजेल गण्डकी गाउँपालिका वडा नं. ८ घ्याल्चोक, गोरखामा बस्छिन् । उनी एक असल गृहिणी र किसान हुन् । उनी खेती-किसानीमा अति नै रुचि राख्छिन् । तरकारी खेती गरी बेच्नु नै उनको मुख्य आम्दानीको स्रोत हो तर २०१५ को महाभूकम्पपछि खेती गर्ने भूमि पहिलेको जस्तो उत्पादक छैन । उनले आफ्नो उत्पादनमा वृद्धि गर्नको लागि निकै कडा परिश्रम र विभिन्न विषाधी पनि प्रयोग गर्छिन् र पनि उनले गरेको काम र काममा दिएको समय अनुसार तरकारी उत्पादनमा वृद्धि हुन सकेको छैन ।

यसले गर्दा उनी निकै चिन्तित थिइन् । त्यही समयमा असल छिमेकी नेपालले नगदे बाली सम्बन्धी तालिम गाउँमा ल्याउँदै छ रे भन्ने कुरा सुनिन् । निकै खुशीका साथ उनी उक्त तालिममा सहभागी भइन् । उनी भन्छिन्, "तरकारी उत्पादनमा कमी भएको कारण म निकै चिन्तित थिएँ । मलाई थाहा थियो, अब मलाई तालिमको आवश्यकता छ भनेर तर मलाई तालिम कहाँ, कसरी लिने, के गर्ने भन्ने केही पनि थाहा थिएन । यो तालिम, मैले आफ्नै गाउँमा लिन पाउँछु भनेर कहिल्यै पनि कल्पना समेत गरेको थिइनँ ।" उनले साँच्चै यस तालिममा सहभागी हुने अवसर पाइन् र नगदे बाली लगाउन साथै मलखाद तयार गर्न सिकिन् । तालिम पछि एकदमै हँसिलो अनुहारमा उनी भन्छिन्, "मेरो तरकारी खेतीमा वृद्धि हुनेछ भनेर म एकदम ढुक्क छु किनकि मसँग तालिममा सिकेको ज्ञान र सीप छ ।" उनले अझ थपिन्, "मैले उत्पादनमा वृद्धि गर्न सधैं रासायनिक मल प्रयोग गर्ने गर्थें । यसले कतिसम्म माटोलाई असर गर्दो रहेछ भनेर अहिले मलाई थाहा भयो । म प्रतिज्ञा गर्छु कि अबदेखि जैविक मल नै प्रयोग गर्नेछु ।"



तालिमको साथमा उनले असल छिमेकी नेपालबाट तरकारीको बिउ पनि प्राप्त गरेकी छिन् । बिउहरूमा काउली, बन्दा, सिमी र टमाटर थिए । उनले तालिममा सिकेको ज्ञान र सीप प्रयोग गरी तरकारी खेती गर्ने र बिउ खेर नफाल्ने प्रतिज्ञा पनि गरेकी छिन् । अहिले तरकारीको ब्याड राखी, बिरुवा सारी, राम्रोसँग बढाउँदै छिन् । बारीमा तरकारी खेती राम्रो भएको देखेर उनी निकै खुशी छिन् किनकि उनले पहिलेको वर्षमा भन्दा अहिले निकै ठूलो परिवर्तन देखेकी छिन् । उनले लगभग ६०,०००-७०,००० हजार कमाउने आशा गरेकी छिन् जुन उनलाई र उनको परिवारलाई एकदम महत्वपूर्ण छ । उनी र उनको परिवारका सदस्यहरू ए.सी.एन.बाट प्राप्त सहयोगमा निकै खुसी छन् । उनले बिउ र तालिमको लागि असल छिमेकी नेपाललाई धेरै धन्यवाद दिएका छिन् ।

## ६. महिला स्वास्थ्य सामुदायिक कार्यकर्ता तालिम



सजिलोसँग विशेषज्ञ सेवा त परै जाओस् भौगोलिक जटिलताको कारण वडा-वडामा भएका स्वास्थ्य संस्थाबाट नै नजिकका सबै समुदायलाई उपचार पाउनु पनि कतिपटक एकदमै कठिन हुन्छ, कतिपटक समाजका कति विविध कारणले गर्दा मानिसहरू आफ्ना कुराहरू सजिलोसँग अभिव्यक्त गर्न सक्दैनन् र वर्षौंसम्म पनि समस्या लिएर बाँचिरहेका हुन्छन् । निःस्वार्थ भावनाले सेवा दिइरहनुभएका महिला स्वास्थ्य स्वयम्सेवीहरूलाई लक्षित गरी स्वास्थ्य चौकी पुनर्निर्माण भएका साविकका पाँचवटै गा.वि.स.मा कार्यरत सबै वडाका महिला स्वास्थ्य स्वयम्सेविकाहरूको लागि तीन दिने पुनर्ताजगी तालिम पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र पोखरासँगको समन्वय र सहजीकरणमा, पोखरामा सञ्चालन गरिएको थियो । समय र व्यवस्थापनलाई मध्यनजर गरी दुई समूहमा विभाजन गरेर तीन दिने महिला स्वास्थ्य स्वयम्सेविका तालिमको आयोजना गरिएको थियो । तालिमको अन्तमा सहभागीहरूलाई केही आधारभूत औषधि र प्राथमिक उपचार किट प्रदान गरिएको थियो । साथै पाँचवटै स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी र व्यवस्थापन समितिबाट गरी १० जनालाई पुनर्निर्मित प्रिफ्याब भवनको सामान्य रूपमा गर्न मिल्ने मर्मत सम्बन्धी दुई दिने तालिम पनि उपलब्ध गराइएको थियो ।




**कार्यक्रमको सङ्ख्यात्मक विवरण :**

| सि.नं | कार्यक्रम भएको स्थान | लक्षित सङ्ख्या | लाभान्वित सङ्ख्या | | | तालिमको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १. | पोखरा टुकी होटेल, लेकसाईड | ४५ | ९ | | ९ | २६-२८, असार, २०७४ | घ्यालचोक |
| २ | | | ९ | | ९ | | भुम्लिचोक |
| ३ | | | ९ | | ९ | | आँपपीपल |
| ४. | | | ९ | | ९ | | घैरुङ |
| ५. | | | ८ | | ८ | | श्रीनाथकोट |
| | जम्मा | | ४४ | | ४४ | | |

# सफलताको कथा : अब म गर्न सक्छु



मेरो नाम माया गुरुङ हो । म श्रीनाथकोट गोरखामा बस्छु । म दुई वर्षदेखि श्रीनाथकोटको स्वास्थ्य चौकी अन्तर्गत महिला स्वास्थ्य स्वयम्सेविकाको रूपमा काम गर्दै आइरहेको छु । अहिलेसम्म मेरो कामसँग सम्बन्धित कुनै पनि तालिम लिन पाएको थिइनँ । मैले स्वास्थ्य चौकी इन्चार्जलाई आधारभूत तालिमको व्यवस्था गरिदिन निकै अनुरोध गरें तर पनि उहाँबाट यस्तो अवसर कहिल्यै पाउन सकिएन ।

यस तालिमको एक अङ्ग बनाउनुभएकोमा म असल छिमेकी नेपालसँग धेरै खुशी छु । वास्तवमा यो तालिम महिलाहरूको लागि एकदमै महत्वपूर्ण किनभने यस तालिमले लिएका छन् । गाउँमा महिला स्वास्थ्य स्वयम्सेविकाको रूपमा काम गरिरहेका छन् । पहिले मलाई गाउँमै बच्चा जन्माउनलाई के कसरी सहायता तथा सेवा पुऱ्याउने भन्ने थाहा थिएन तर यस तालिमपछि यस्तो खालको गर्भवती महिलालाई आधारभूत हेरचाह गर्न सक्ने भएकी छु । साथै हामीसँग विभिन्न प्रकारका खराब परम्पराहरू छन्, जुन मैले यो प्रशिक्षणबाट पत्ता लगाएँ । साँच्चै असल छिमेकी नेपाललाई म पनि भन्न सक्छु, “जस्तो नाम त्यस्तै काम, असल छिमेकी नेपालको आफ्नो छुट्टै पहिचान” । यसरी असल छिमेकी नेपालले असल काम गरी आफ्नो छुट्टै पहिचान देखाउन सफल भएको छ ।

मैले प्राथमिक उपचार बाकसको बारेमा स्वास्थ्य चौकीबाट सुनेकी थिएँ तर उक्त बाकस पाउन भने सकेको थिइनँ । कसरी त्यो प्रयोग गर्ने भन्ने पनि थाहा थिएन तर अहिले यस तालिमपछि प्राथमिक उपचार बाकस पनि पाएँ र प्रयोग गर्ने तरिका पनि थाहा भएको छ । हामीलाई यस तालिमले पूर्ण ताजगी पनि दिएको छ । त्यो तालिममा अरू ठाउँका स्वयम्सेविकाहरूलाई पनि राम्रोसँग भेट्ने र चिन्ने मौका पाएका थियौं । यो समयमा एकले अर्कालाई एकदमै राम्रोसँग चिन्ने, कुराकानी गर्ने र एक-अर्काले नजानेका कुराहरू पनि बाँडचुँड गरी एक-अर्कालाई सहायता गर्ने अवसर पनि भएको थियो । हामीलाई यस्तो खालको विशेष अवसर उपलब्ध गराउनुभएको लागि असल छिमेकी नेपाललाई पुनः एक पटक धेरै-धेरै धन्यवाद भन्न चाहन्छु ।

## ७. सिलाइकटाइ तालिम तथा सिलाइ मेसिन वितरण

महिला दिदीबहिनीहरूको लागि उनीहरूको सीप विकास गरी जीविकोपार्जनमा केही मात्रामा भए पनि सहायता पुऱ्याउने उद्देश्य अनुरूप घ्यालचोक र भुम्लिचोकमा तीन ठाउँमा सञ्चालन गरी ३६ जनालाई ४ महिने सिलाइकटाइ तालिम प्रदान गरिएको छ । तालिम अवधिमा लिएको परीक्षामा प्रथम भएकी सहभागी कमला महतो उपरकोटीलाई इन्टरलक मेसिन पनि प्रदान गरिएको थियो । तालिम सम्पन्न गरेका सबै जनालाई एक-एक थान सिलाइ मेसिन पनि उपलब्ध गराइएको छ । धेरैजना दिदी बहिनीहरूले तालिम पश्चात् आफ्नै व्यवसाय सुरु गरेका छन् । स्थानीय ठाउँमा सञ्चालन भएको कारण तालिममा सहभागीहरू निरन्तर आउन सके । ४ महिनाको तालिममा उनीहरूले महिलाको सम्पूर्ण खालका कपडा सिलाउन सक्ने भएका छन् । यसमध्ये केहीले व्यावसायिक रूपमा नै सिलाइकटाइ पसल सञ्चालन गरेका छन् ।

**कार्यक्रमको सङ्ख्यात्मक विवरण :**

| सि.नं | कार्यक्रम भएको स्थान | लक्षित सङ्ख्या | लाभान्वित सङ्ख्या | | | तालिमको भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १. | घ्यालचोक | | १८ | | १८ | २०७४,असोज १-पौष ७ सम्म, | |
| २ | भुम्लिचोक | | १८ | | १८ | | |
| | जम्मा | ३६ | ३६ | | ३६ | | |





# सफलताको कथा : मैले नसोचेको भयो !



मेरो नाम कमला महतो उपरकोटी हो । म अहिले २६ वर्ष पुगेकी छु । मेरो परिवारमा म, मेरो श्रीमान्, एउटा छोरा र सासु-ससुरा हुनुहुन्छ । अहिलेसम्म पनि मेरो पारिवारिक स्थिति राम्रो छैन । पारिवारिक पृष्ठभूमि राम्रो नभएकै कारण मैले केही गर्नको लागि कुनै पनि राम्रो अवसर पाउन सकिनँ । म कपडा सिलाउन निकै इच्छुक थिएँ तर कहिल्यै पनि यस्तो खालको अवसर पाइनँ । म असल छिमेकी नेपाल परिवारलाई धन्यवाद दिन चाहन्छु, जसले मलाई यो सिलाइकटाइ तालिममा सहभागी हुने ठूलो मौका दिनुभयो ।

विवाह अघि अनि पछि पनि यस्तो खालको तालिम लिन मैले धेरै पटक प्रयास गरें तर सफल हुन सकेको थिइनँ । यस्तो प्रकारको अवसर मैले असल छिमेकी नेपालमा पाएँ । हाम्रै गाउँमा सिलाइकटाइ तालिम दिनलाई असल छिमेकी नेपाल आउँदै छ भन्ने कुरा सुनेपछि मैले असल छिमेकी नेपाललाई सम्पर्क गरे । असल छिमेकीका सरले भन्नुभयो, “कृपया तपाईंको नाम महिला अगुवालाई दिइहाल्नुस् जसले सिलाइकटाइ तालिम लिन इच्छुकहरूको नामावली तयार गर्नुभएको छ ।” त्यसपछि म महिला अगुवाकोमा गएँ र भेटें । उहाँले मेरो नाम त्यो नामावलीमा राखिदिनुभयो । त्यसपछि मैले सिलाइकटाइ तालिममा सहभागी हुने मौका पाएँ । वास्तवमा मैले त्यो तालिम अवधिभर एकदम राम्रो गर्ने निकै प्रयास गरें । परिणामस्वरूपम सबै सहभागीहरूमध्ये प्रथम हुन सफल भएँ । असल छिमेकी नेपालको तर्फबाट पुरस्कारस्वरूप एउटा इन्टरलक मेसिन पनि पाए । साँच्चै नै त्यो दिनदेखि मैले कपडा सिलाइराखेकी छु । अहिले वरपरका मानिसहरू “तिमीले पनि सिलाउन जानेछौ, कहिलेदेखि हो ? मेरो कपडा पनि सिलाइदेऊ न” भन्दै अचम्म मान्छन् । मैले प्रतिउत्तरमा भनें, “हुन्छ ल्याउनु न ।” पहिले त अलि-अलि जानेको थिएँ । असल छिमेकी नेपालले दिएको तालिमपछि भने एकदम राम्रो गर्न प्रयास गरिरहेकी छु । अहिले त सिलाइका कामहरू मेरो शिक्षकलाई पनि नसोधीकन गरिरहेकी छु । म लामो समयको कडा परिश्रमपछि अहिले एउटा टेलरिङ पसल चलाउन सक्ने भएकी छु । मैले यस सिलाई पसलबाट करिब २०,०००-२५,००० मासिक आम्दानी गरिरहेकी छु । मैले भरतपुर बजारमा सिलाइ पसल सञ्चालन गरिरहेकी छु ।



पहिले म मेरो जीवनमा केही पनि गर्न नसक्ने भएँ, मेरो कपडा सिलाउने इच्छा र सपना कहिल्यै पूरा हुने भएन, मेरो जीवन खाली घाँस दाउरा गरेर मात्र बित्ने भयो, यसबाहेक अरू कुनै पनि काम गर्न सक्ने भइनँ भन्ने सोच्थैं तर अहिले सिलाइकटाइ तालिम लिने मेरो इच्छा पूरा भएको छ । हाम्रै गाउँ ठाउँमा यस्तो प्रकारको तालिमको व्यवस्था गरिदिनु भएकोमा म असल छिमेकी नेपाललाई मेरो हृदयदेखि धेरै धन्यवाद !

## ८. महिला तथा बालबालिका स्वास्थ्य शिविर

आर्थिक तथा भौगोलिक विकटताले गर्दा सहरसम्म पुगेर आफ्ना रोगहरूको निदान गर्न नसक्ने वर्ग तथा समुदायलाई लक्षित गरी जिल्ला जनस्वास्थ्य कार्यालय तथा वडामा अवस्थित स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी विभिन्न समुदायमा स्वास्थ्य शिविर आयोजना गरिएको थियो । विशेष गरी महिला तथा बालबालिकाहरूलाई लक्षित शिविरहरूमा सम्बन्धित क्षेत्रका विशेषज्ञ डाक्टरहरू तथा जनरल फिजिसियनहरूबाट निःशुल्क स्वास्थ्य शिविरहरू आयोजना गरिएको थियो । यसैगरी विशेषज्ञ डाक्टरहरूको सेवा मात्र नभएर रोग निदान गर्नको लागि आवश्यक पर्ने रगत, दिसा-पिसाब जाँच गर्ने व्यवस्था पनि मिलाइएको थियो भने डाक्टरहरूको प्रिस्क्रिप्सन अनुसार आवश्यक औषधिहरू पनि गाउँमा नै निःशुल्क रूपमा उपलब्ध गराइएको थियो । यसरी आफ्नै गाउँ-ठाउँमा विशेषज्ञ सेवा लिई वर्षौंदेखि उपचार गराउन नसकी रोग बोकेर बसिरहेका सेवाग्राही दङ्ग परेका देखिन्थे ।

**कार्यक्रमको सङ्ख्यात्मक विवरण :**

| सि.नं | कार्यक्रम भएको स्थान | लक्षित सङ्ख्या | लाभान्वित सङ्ख्या | | | | शिविर भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | बाल बालिका | वयस्क पुरुष | जम्मा | | |
| १. | घ्यालचोक | २००० | २४० | १७० | ७३ | ४८३ | २६-२७, जेष्ठ, २०७४ | |
| २. | भुम्लिचोक | | ८२५ | ८६४ | २४१ | १९३० | ७-९, जेठ, २०७३ र १-२, मंसिर, २०७४ | २ पटक |
| ३. | घैरुङ | | २७७ | ९४ | ६४ | ४३५ | २१-२२, बैशाख, २०७५ | |
| | जम्मा | २००० | १३४२ | ११२८ | ३७८ | २८४८ | | |





# सफलताको कथा : मेरो अविस्मरणीय क्षण



मेरो नाम विष्णुमाया थापा हो । मेरो घर गोरखाको भुम्लिचोकमा पर्छ । म गर्भवती भएको ६ महिना भइसकेको थियो । म एकदमै गरिब परिवारको महिला हुँ । असल छिमेकी नेपालद्वारा आयोजित स्वास्थ्य शिविर कार्यक्रम मेरो जीवनको लागि एउटा अविस्मरणीय क्षण हुन पुगेको छ ।

बाखाको लागि घाँस काट्न म एउटा सानो रूखमा चढेकी थिएँ । म त्यस रूखबाट लड्न पुगें । त्यसपछि मलाई गाह्रो भयो र डर पनि लाग्न थाल्यो । मेरो गर्भमा भएको बच्चालाई केही समस्या भए जस्तो लाग्यो । त्यो बेला मेरा श्रीमान् पनि काम गर्न जानुभएको थियो । म बिस्तारै शिविरमा आएँ र आफ्नो समस्या बताएँ । डक्टरले मलाई राम्रोसँग जाँच गर्नुभयो । जाँच गर्दा मेरो गर्भमा रहेको बच्चा सही प्रकारले चलेको छैन भन्नुभयो । डाक्टरले सल्लाह दिनुभयो, "हामीसँग एक्सरे मेसिन छैन । त्यसैले तपाईंले आज नै अस्पतालमा गएर जाँच गराउनुभयो भने असाध्य राम्रो हुनेथियो । गाँउबाट रोडसम्म आउन पनि कम्तीमा २ घण्टा हिँड्नुपर्छ । त्यसपछि चितवन, काठमाडौं वा पोखरा गएर जाँच गराउनुपर्ने हुन्छ ।

त्यस समयमा मसँग एक रुपैयाँ पनि थिएन । अब हस्पिटल कसरी जाने हो भनेर चिन्ता लाग्न थाल्यो । मैले कसैलाई भन्न पनि सकिरहेको थिइनँ । यसै बीचमा तपाईंलाई के भयो ? किन नजानुभा' को ? भनेर असल छिमेकी नेपालका एक जना सरले सोध्नुभयो । त्यसपछि मैले लाज नमानी "मसँग पैसा छैन सर" भनें । त्यसपछि उहाँले सरसल्लाह गर्नुभयो र नगद रु. ८,०००।- दिनुभयो । त्यतिखेरको समयमा यो मेरो लागि एकदमै ठूलो सहायता भयो जसको कारण म चितवन गएर राम्रोसँग जाँच गराउन सफल भएँ । डाक्टरले मलाई भन्नुभयो, "तपाईं समयमा आएको कारण तपाई र बच्चाको स्वास्थ्य राम्रो हुन्छ चिन्ता लिनुपर्दैन ।" त्यसपछि म ढुक्क भएँ । यसभन्दा बाहेक मलाई सुत्केरीमा चाहिने सामग्रीहरू पनि दिनुभएको थियो । म आवश्यक जाँच गराएर घर फर्किएँ । मेरो गर्भको बच्चा पनि स्वस्थ जन्मियो । यसको सबै श्रेय म असल छिमेकी नेपाललाई दिन चाहन्छु ।

## ९. पुनर्निर्माण गरिएको स्वास्थ्य चौकीहरूमा चेतनामूलक होर्डिङ्ग बोर्ड वितरण

असल छिमेकी नेपालले पुनर्निर्माण गरेका पाँचैवटा स्वास्थ्य चौकीहरूमा महिला तथा बालबालिकासँग सम्बन्धित चेतानामूलक होर्डिङ्ग बोर्डहरू राखिएका छन् । स्थानीय स्वास्थ्य चौकी तथा जिल्ला जनस्वास्थ्य कार्यालयसँग परामर्श गरी समुदायमा जनचेतना ल्याउने खालको विषय वस्तुलाई समेटिएको थियो । हरेक स्वास्थ्य संस्थामा २/२ वटा सूचना बोर्ड प्रदान गरिएको थियो ।





## १०. पशु स्वास्थ्य शिविर

ग्रामीण भेगका समुदाय तथा मानिसको जीवनको अभिन्न अङ्ग तथा आम्दानीको मुख्य स्रोत पशु-चौपाय हुन् । तर पशु-चौपायाहरूको स्वास्थ्य ओझेलमा पर्ने गरेको छ । पशु-स्वास्थ्यसँग सम्बन्धित शिविर असल छिमेकी नेपालले गरेको कार्यक्रमको महत्वपूर्ण काम हो । जिल्लास्थित पशुसेवा कार्यालयले यस्ता शिविरहरू सञ्चालन गरिराखेको भए तापनि जिल्लाका सबै गाउँमा पुग्न समय लाग्ने कारण सेवा सर्वसुलभ हुन सकेको थिएन । यस कार्यक्रममा पनि सम्बन्धित निकायसँग प्रत्यक्ष समन्वय गरी सहकार्यमा काम गर्दा धेरै ठाउँका स्थानीय बासिन्दाले छोटो समयमा आफ्ना पशु-चौपायाहरूको उपचार गर्ने मौका प्राप्त गरे । यस कार्यक्रमबाट धेरै परिवारहरूले निःशुल्क रूपमा पशु-स्वास्थ्य विशेषज्ञहरूबाट आफ्ना घरमा पालिएका पशु-चौपायाहरूका लागि सल्लाह सुझाव तथा उपचारहरूका बारेमा जानकारी पनि लिएका थिए । यस कार्यक्रममा विशेष गरी पशु-चौपयाहरूमा हुने जुका, भिटामिन औषधी, गोबर जाँच, क्यास्ट्रेसन, खोरत, जस्ता रोगहरूको उपचार गरिएको थियो । शिविरको समयमा पशु डाक्टरहरूको सल्लाह तथा सुझाव अनुसार आवश्यक पर्ने औषधीहरू पनि उपलब्ध गराइएको थियो । यसरी विभिन्न पक्षसँग सहकार्य गरी गरिएको कार्यक्रमले थप प्रभाकारिता ल्याएको हामीले अनुभव गरेका छौं र समुदायलाई प्रत्यक्ष लाभ दिन पाउँदा हामीलाई खुशी लागेको छ ।

## कार्यक्रमको सङ्ख्यात्मक विवरण :

| सि.नं | कार्यक्रम भएको स्थान | लक्षित पशु र परिवार सङ्ख्या | लाभान्वित सङ्ख्या | | शिविर भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पशुको सङ्ख्या | परिवार सङ्ख्या | | |
| १. | घ्यालचोक | १८०० घरपरिवार बाट २२५०० पशुहरू | ८५०० | ६३८ | २३-२४, जेठ, २०७३ र १४-१५, असार, २०७५ | |
| २. | भुम्लिचोक | | ३८६३ | २५५ | १८-१९, भदौ, २०७५ | |
| ३. | घैरुङ | | ३२०१ | ३२१ | २४-२५, माघ, २०६७४ | |
| ४. | श्रीनाथकोट | | ५२५१ | ३०५ | ६-७, माघ, २०७३ | |
| ५ | मकैसिङ | | २८८४ | २६७ | २१-२२, मंसिर, २०७५ | |
| | जम्मा | २२५०० | २३६९८ | १७५६ | | |






# सफलताको कथा : मेरो गोरू निको भयो

मेरो नाम प्रविन रेग्मी हो । म घ्यालचोकमा बस्छु । पेशाले कृषक हुँ । असल छिमेकी नेपालले शिविर राख्दै छ भन्ने थाह पाएपछि म निकै खुशी भएँ र यो खबर समुदायका अरूहरूलाई पनि भनें ।

मेरो गोरु विगत ५/६ महिनादेखि बिरामी थियो । शिविरमा गएपछि सिस्टको कारणले बिरामी भएको कुरा थाहा पाएँ । मैले यसलाई सामान्य सोचिरहेको थिएँ र औषधी उपचार तिर खासै चासो दिएको थिइनँ । केही समयदेखि गोरु राम्रोसँग हिँड्न सकिरहेको थिएन । गोरु जोत्न लग्दा गोरुलाई निकै अप्ठ्यारो भइरहेको थियो ।





मैले आफैंले के भएको होला भनेर हेर्ने कोसिस पनि गरें तर थाहा पाउन सकेको थिइनँ । शिविरमा चेक गरेर डाक्टरले सिस्टको समस्या बताउनु भयो र तुरुन्त अपरेशन गर्नुभयो । औषधीहरू अपरेशन गरेको घाउमा लगाइदिनुभयो । त्यसै बेलादेखि गोरु राम्रोसँग हिँड्न थाल्यो । डाक्टरले एक महिनासम्म गोरु खेतमा नजोत्नू र औषधी निरन्तर लगाउनु भनेर सल्लाह दिनुभयो । मैले त्यसै गरें । अहिले मेरो गोरु राम्रोसँग हिँड्छ । जोत्न पनि लान थालेको छु । मैले यस्तो राम्रो शिविर पहिलोचोटि देखें ।

वास्तवमा हामी आफ्ना पशुपंक्षीहरूको स्वास्थ्यप्रति पनि सचेत हुनुपर्दो रहेछ भन्ने चेतना पाएँ । यिनीहरूको राम्रो ख्याल गरे आम्दानी राम्रो गर्न सकिने कुरा पनि थाहा पाएँ । यो क्याम्पबाट मेरो लागि नौलो र फरक सिकाइ भयो ।

# स्वयम्सेवक परिचालन तथा विकास कार्यक्रम

नेपालमा २०७२ सालको वैशाख १२ र २९ गतेको विनाशकारी भूकम्पले गर्दा देशले ठूलो क्षति वेहोर्नु परेकोत सर्वविदितै छ । यसमा पनि देशमा आपद् विपद्को समयमा प्रभावकारी प्रकारले त्यसको व्यवस्थापन गर्ने आवश्यक जनशक्ति नहुँदा अझ बढी क्षति बेहोर्नु परेको थियो । असल छिमेकी नेपालले पनि आफ्नो ठाउँबाट पोखरामा भएका र विश्वव्यापी मण्डलीहरुको सहायताले क्षमताको उच्चत्तम उपयोग गरी प्रभावकारी भूमिका निभाउन सकेको थियो । तर त्यस बेलाको विषम परिस्थितिले देशलाई सिकाएको कुरालाई असल छिमेकी नेपाल र पोखरामा भएका मण्डलीहरूले पनि आत्मसात गरी आहतको समयमा प्रभावकारी र व्यवस्थित प्रकारले सहायता पुऱ्याउन सकियोस् भन्ने उद्देश्यको साथमा स्वयम्सेवक परिचालन तथा विकास कार्यक्रमको सुरुवात गरिएको छ । जस अन्तर्गत उनीहरूलाई विभिन्न प्रकारका तालिमहरू प्रदान गरी भैपरी आउने विपद्को समयमा परिचालन गर्न सकियोस् भनी तयारी अवस्थामा राखिएको छ साथै आवश्यकता अनुसार उनीहरूलाई पुनर्निर्माण र पुनर्स्थापनाको काममा पनि परिचालन गरिदै आएको छ । असल छिमेकीको काममा स्वयम्सेवकहरूको भूमिका अतुलनीय रहेको छ र विशेष गरी छोटो समयमा छिटो र प्रभावकारी काम गर्नको लागि हाम्रा स्वयंसेवकहरु ठूलो सम्पत्ति बन्न सफल भएको छ । भूकम्प प्रतिकार्य काममा शुरुदेखि हालसम्म २००० भन्दा बढी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्वयम्सेविकाहरूले प्रत्यक्ष रूपमा धेरै पटक सहभागी भई सहायता गरेका छन् ।

**स्वयम्सेवक विकास कार्यक्रमको विस्तृत विवरणः**

| सि.नं | तालिमको विषय वस्तु | गोरखा | | | कास्की | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| १. | आधारभूत विपद व्यवस्थापन तालिम | ७३ | १०७ | १८० | ६७ | ७६ | १४३ | ३२३ |
| २. | डि.आर.आर प्रशिक्षक प्रशिक्षार्थी तालिम | २१ | २० | ४१ | २१ | २० | ४१ | ८२ |
| ३. | खोज तथा उद्धार तालिम | ११ | १४ | २५ | ४९ | २७ | ७६ | १०१ |
| ४. | आकस्मिक उपचार तालिम | २८ | ४३ | ७१ | १० | १२ | २२ | ९३ |
| ५. | स्वयम्सेवक अभिमूखीकरण | ४४ | ३९ | ८३ | ३७ | ४१ | ७८ | १६१ |
| ६. | आघात व्यवस्थापन तालिम | | | | १ | ३४ | ३५ | ३५ |
| जम्मा | | १७७ | २२३ | ४०० | १८५ | २१० | ३९५ | ७९५ |

# असल छिमेकी नेपाल

## गोरखा भूकम्प २०७२

### विपद् न्यूनिकरण परियोजना

**बैशाख २०७२ देखि पौष २०७५**

**सम्पन्न कार्यक्रमहरुको संक्षिप्त लागत विवरण**

| सि.नं | कार्यक्रमको नाम | जम्मा लागत रु. |
|---|---|---|
| १ | स्वास्थ्य चौकी पुनर्निर्माण | ४२९५३८५२.९५ |
| | श्रीनाथकोट | ७३४७८१८.९२ |
| | *घ्यालचोक* | ९४०६१२७.३७ |
| | भुम्लिचोक | ७४१७९११.२८ |
| | घैरुङ्ग | ८८४५८७६.३८ |
| | आँपपिपल | ९९३६११९.०० |
| २ | विद्यालय | ६१४३५११६.१० |
| | चन्द्रोदय माध्यमिक विद्यालय | ६५५१५९६.३९ |
| | जन जागृति प्राथमिक विद्यालय | ९०३५८६२.८२ |
| | अर्कूल प्राथमिक विद्यालय | ८२५६८४६.७२ |
| | जन कल्याण माध्यमिक विद्यालय | ३७५९०८१०.१७ |
| ३ | श्रीनाथकोट वडा कार्यालय | ६९२८३४०.९३ |
| ४ | व्यक्तिगत आवास पुनर्निर्माण | २४२५८७४७.०७ |
| ५ | स्वयंसेवक परिचालन तथा विकास | ३७४२२२४.४७ |
| ६ | सीप विकास तालिम कार्यक्रम | १७५५८१४१.८५ |
| ७ | औषधि वितरण | १८७५८४५.०० |
| ८ | जीविकोपार्जन तथा स्वास्थ्य | २०६८३१४१.२१ |
| ९ | राहात वितरण (खाद्य तथा अखाद्य वितरण) | ३८७४८९८५.८२ |
| | जम्मा लागत रु | २१८१८४३९५.४० |

# असल छिमेकी नेपाल

## गोरखा भूकम्प २०७२

## विपद् न्यूनिकरण परियोजनाका

दातृ निकायहरु

| S.N. | Name | Country |
|---|---|---|
| 1 | KHW, Global Care | Germany |
| 2 | World Concern | USA |
| 3 | Christian Missions in Many Land Inc. | USA |
| 4 | Development Associates International | USA |
| 5 | GZB Netherlands | Netherlands |
| 6 | DMG (DMG) | Germary |
| 7 | Forum Wiedenest | Germay |
| 8 | CEDAR Hong Kong | Hong Kong |
| 9 | BSN Netherlands | Netherlands |
| 10 | Interact | Sweden |
| 11 | HADA | Australia |
| 12 | ROPE | United Kingdom |
| 13 | Friends of Nepal | Sweden |
| 14 | Global Care | Korea |

भूकम्पको सुरुवाती राहत वितरणको चरणदेखि लिएर पुननिर्माण र पुनर्स्थापनाको चरण सम्म संलग्न कर्मचारीहरु तथा तालिमे कर्मचारीहरूको विवरण:

| सि.न. | कर्मचारीको नाम | पद | काम गरेको अवधि |
|---|---|---|---|
| १. | राजेन्द्र कुमार अधिकारी | कार्यकारी निर्देशक | १४ वैशाख २०७२ देखि फागुन २०७५ |
| २. | विजय कुमार श्रेष्ठ | कार्यक्रम संयोजक | १४ वैशाख २०७२ देखि फागुन २०७५ |
| ३. | गीता श्रेष्ठ | योजना, अनुगमन | १५ वैशाख देखि चैत्र २०७२ |
| ४. | बालकृष्ण के.सी | स्वयम्सेवक परिचालक | १४ वैशाख २०७२ देखि पौष २०७५ |
| ५. | सुमन वयलकोटी | प्राविधिक संयोजक | जेठ २०७२ देखि फागुन २०७५ |
| ६. | पुष्पराज गिरी | वित्त तथा प्रशासन | जेठ २०७२ देखि फागुन २०७५ |
| ७. | मिलन अधिकारी | स्वास्थ्य क्षेत्र | २० वैशाख २०७२ देखि चैत्रसम्म |
| ८. | शेर बहादुर घर्ति | कार्यक्रम असिस्टेन्ट | असार २०७२ देखि फागुन २०७५ |
| ९. | अनिता दाहाल | सूचना तथा संचार | कार्तिक २०७२ देखि फागुन २०७५ |
| १०. | अंकुश चालिसे | सूचना तथा संचार | श्रावण २०७२ देखि कार्तिक २०७२ |
| ११. | उपेन्द्र कुमार शाह | इन्जिनियर | कार्तिक २०७२ देखि फागुन २०७५ |
| १२. | बिनु नेपाली | वित्त सहायक | मंसिर २०७२ देखि फागुन २०७५ |
| १३ | दान बहादुर नेपाली | सवारी चालक | पौष २०७२ देखि फागुन २०७५ |
| १४. | सुरेन्द्र दास | जीविकोपार्जन तथा स्वास्थ्य अधिकृत | चैत्र २०७२ देखि फागुन २०७५ |
| १५. | शान्ति थापा | योजना अनुगमन | |
| १६. | दिनेश के.सी | योजना अनुगमन अधिकृत | मंसिर २०७४ देखि फागुन २०७५ |
| १७. | प्रदिप्ती मुल्मी | सूचना तथा संचार अधिकृत | |
| १८. | होम नेपाली | ओभरसियर | पौष २०७२ देखि फागुन २०७५ |
| १९. | नवराज मजकोटी | ओभरसियर | चैत्र २०७२ देखि माघ २०७४ |
| २०. | दिपकराज रोका | इन्जिनियर | फागुन २०७२ देखि जेठ २०७३ |

| | | | |
|---|---|---|---|
| २१. | महेन्द्र पौडेल | इन्जिनियर | चैत्र २०७२ देखि श्रावण २०७३ |
| २२. | प्रवेश पुडासैनी | इन्जिनियर | चैत्र २०७२ देखि भदौ २०७३ |
| २३. | नितु राई | इन्जिनियर | वैशाख २०७३ देखि जेठ २०७३ |
| २४. | किरण हमाल | इन्जिनियर | फागुन २०७२ देखि चैत्र २०७२ |
| २५. | गोकुल अधिकारी | सामाजिक परिचालक | असार २०७३ देखि मंसिर २०७५ |
| २६. | सोममाया गुरुङ्ग | सामाजिक परिचालक | असार २०७३ देखि पौष २०७४ |
| २७. | राजु परियार | इन्जिनियर | जेठ २०७४ देखि मंसिर २०७५ |
| २८. | लेखनाथ के.सी | कार्यक्रम अधिकृत | श्रावण २०७४ देखि पौष २०७५ |
| २९. | रुथ मुखिया | कार्यालय सहयोगी | |
| ३०. | प्रदिप भण्डारी | इन्जिनियर | चैत्र २०७४ देखि असोज २०७५ |
| ३१. | सुवाश जोशी | इन्जिनियर | चैत्र २०७४ देखि मंसिर २०७५ |
| ३२. | श्रीकृष्ण त्रिपाठी | इन्जिनियर | चैत्र २०७४ देखि मंसिर २०७५ |
| ३३. | दीक्षा देवकोटा | इन्जिनियर | चैत्र २०७४ देखि मंसिर २०७५ |
| ३४. | सूजता श्रेष्ठ | सामाजिक परिचालक | चैत्र २०७४ देखि मंसिर २०७५ |
| ३५. | मनिषा बानु | सामाजिक परिचालक | चैत्र २०७४ देखि मंसिर २०७५ |
| ३६. | रेविका तामाङ्ग | सामाजिक परिचालक | चैत्र २०७४ देखि मंसिर २०७५ |
| ३७. | अमृत थापा | सामाजिक परिचालक | चैत्र २०७४ देखि मंसिर २०७५ |
| ३८. | पूजा भण्डारी | सूचना तथा संचार | श्रावण २०७५ देखि फागुन २०७५ |
| ३९. | लिपी गुरुङ्ग | वित्त सहायक | |
| ४०. | सुरक्षा श्रेष्ठ | तालिमे कर्मचारी | |
| ४१. | सुजायन पहारी | तालिमे कर्मचारी | |
| ४२. | प्रशान्त भुजेल | तालिमे कर्मचारी | |

# परियोजना सञ्चालनको क्रममा अपनाइएको तरिका

## १. कार्यक्रम पूर्व

- स्थानीय स्तरबाट सम्बन्धित क्षेत्रको अनुरोध पत्र
- असल छिमेकी नेपाल कार्यकारी समितिबाट कार्य विस्तार गर्ने निर्णय
- कार्यसँग सम्बन्धित सरकारी निकायबाट कार्यक्रम अनुमति
- जिल्ला विकास समितिसँग सम्झौता र स्वीकृति
- सम्बन्धित दातृनिकायहरूसँग सम्झौता र प्रतिवद्धता पत्र
- स्वास्थ्य, शिक्षा र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग सम्झौता
- समाज कल्याण परिषद्बाट कार्यक्रम सञ्चालन स्वीकृति

## २. कार्यान्वयन चरण

- जिल्ला तथा सम्बन्धित क्षेत्रस्थित सम्बन्धित निकायलाई जानकारी
- सम्बन्धित निकायको उपस्थिति र समन्वयमा कार्यान्वयन
- निर्माण कम्पनी छनौट र कम्पनीद्वारा पुनर्निर्माणको काम
- गुणस्तर र समयमा कार्यक्रम सक्न संस्थाबाट नियमित अनुगमन
- सम्बन्धित निकाय तथा सरोकारवालाहरूबाट समय-समयमा अनुगमन
- भवन निर्माण पश्चात् प्राविधिक परीक्षण

## ३. कार्यक्रम सम्पन्नता पश्चात्

- कार्यक्रम सम्पन्नताको पत्र तथा प्रमाण पत्र
- सम्बन्धित निकाय र सरोकारवालाहरूको उपस्थितिमा हस्तान्तरण
- लेखा तथा कार्यक्रम अडिट
- अन्तिम प्रतिवेदन
- सम्बन्धित क्षेत्रका व्यवस्थापन समितिमा अन्तिम प्रतिवेदन प्रस्तुत
- सम्पूर्ण कार्यक्रमको विधिवत् रूपमा बन्द

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण काठमाण्डौं
# पुनर्निर्माणको अवस्था

## निजी आवास पुनर्निर्माण

### अनुदान वितरण

| विवरण | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| जम्मा लाभग्राही | ८,८४,८०० | | पुनर्निर्माण लाभग्राही ८,२२,९०९, प्रबलीकरणमा परेका लाभग्राही ६१,८९१ |
| अनुदान सम्झौता गरेका लाभग्राही | ७,४२,१३५ | ९० | जम्मा लाभग्राही सङ्ख्याको आधारमा |
| पहिलो किस्ता लिएका लाभग्राही | ७,३३,९०५ | ९९ | अनुदान सम्झौताका आधारमा |
| दोस्रो किस्ता लिएका लाभग्राही | ५,२३,३७३ | ७१ | ,, |
| तेस्रो किस्ता लिएका लाभग्राही | ३,३५,४८५ | ४५ | ,, |
| निर्माण सम्पन्न घर | ३,३७,३१९ | ४५ | ,, |
| निर्माणाधीन घर सङ्ख्या | २,३३,३४३ | ३२ | ,, |
| **निर्माण सम्पन्न र निर्माणाधीन घर सङ्ख्या : ५,७०,६६२ (७७ प्रतिशत)** | | | |

## शिक्षण संस्थाहरूको पुनर्निर्माण

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण भइरहेको | | पुनर्निर्माण सुरु गर्न बाँकी | | आगामी लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | संख्या | % | २०७५/७६ भित्र | २०७६/७७ भित्र | २०७७/७८ को प्रथम चौमासिक |
| विद्यालय भवन | ७,५५३ | ४,१७२ | ५५ | १,९२१ | २५ | १,४६० | २० | ७० प्रतिशत | ९० प्रतिशत | १०० प्रतिशत |
| विद्यालय कक्षा कोठाहरु | ४९,६८१ | १७,५७८ | ३६ | १५,१४० | ३० | १६,९६३ | ३४ | ६० प्रतिशत | ९० प्रतिशत | १०० प्रतिशत |
| विश्व विद्यालय एवं कलेजहरु | ३० | २ | ७ | २१ | ७० | ७ | २३ | ४० प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत |

## स्वास्थ्य संस्था पुनर्निर्माण

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण भइरहेको | | पुनर्निर्माण सुरु गर्न बाँकी | | आगामी लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | संख्या | % | २०७५/७६ भित्र | २०७६/७७ भित्र | २०७७/७८ को प्रथम चौ मासिक |
| स्वास्थ्य संस्थाहरु | ११९७ | ६४३ | ५४ | १४५ | १२ | ४०९ | ३४ | ६५ प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत |
| पूर्ण क्षति | ५४४ | ३१२ | ५८ | ५१ | ९ | १८१ | ३३ | ६५ प्रतिशत | ७५ प्रतिशत | १०० प्रतिशत |
| आँशिक क्षति | ६५३ | ३३१ | ५१ | ९४ | १४ | २२८ | ३५ | ६५ प्रतिशत | ९० प्रतिशत | १०० प्रतिशत |

तथ्यांक श्रोतः पनुर्निर्माणका तीन वर्ष पौष, २०७५ (नेपाल पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाडौं)

# राहत वितरण कार्यक्रमहरूको केही झलकहरू































# स्वास्थ्य चौकी पुनर्निर्माणका झलकहरू


















## विद्यालय पुनर्निर्माणका झलकहरू


















## वडा कार्यालय तथा व्यक्तिगत आवास पुनर्निर्माणका झलकहरू

















## सीपविकास तालिम तथा स्वयंसेवक परिचालनका झलकहरू



















# जीविकोपार्जन तथा स्वास्थ्य कार्यक्रमका केही झलकहरु

















# सरकारी, दातृ निकाय र कार्यकारिणी समितिबाट कार्यक्षेत्र अनुगमन

















# पत्रपत्रिकामा प्रकाशित समाचारहरू





पोखरापत्र
राष्ट्रिय दैनिक
Pokharapatra National Daily

असल छिमेकी नेपालको कदर


आविष्कार
राष्ट्रिय दैनिक
ABISKAR NATIONAL DAILY

असल छिमेकी नेपाल सम्मानित


समाधान
samadhan.com

असल छिमेकी नेपालको कदर


आदर्श समाज
राष्ट्रिय

सिरान्चोक गाउँपालिकाको भवन हस्तान्तरण




















## ...ङमा स्वास्थ्यचौकी हस्तान्तरण

गोरखा, २८ कार्तिक। गोरखा जिल्लास्थित घैरुङ गाविसमा शुक्रबार असल छिमेकी नेपालले निर्मित स्वास्थ्यचौकी भवन समुदायलाई हस्तान्तरण गरेको छ।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय गोरखाका प्रतिनिधि नानीबाबु दानीले असल छिमेकी नेपालको कामको चर्चा गर्दै गोरखा जिल्लामा स्वास्थ्यचौकी भवन निर्माण गरी हस्तान्तरण गर्ने पहिलो, दोस्रो, तेस्रो र चौथो पनि असल छिमेकी नै भएकोमा बधाई दिए। यस संस्थाले सरकारी निकायहरूसँग समन्वय गरेर अनुकरणीय काम गरेको पनि दानीले बताए। असल छिमेकी नेपालले यसअघि गोरखाकै श्रीनाथकोट, ब्यालचोक र ...

कार्यक्रममा पत्रकार महासंघ गोरखाका अध्यक्ष भीमलाल श्रेष्ठले कुरा भन्दा काम गर्नुपर्छ भन्ने कुरा असल छिमेकी नेपालबाट सिक्नुपर्ने बताए। एनजिओ आइएनजिओहरूको बारे आलोचकका रूपमा परिचित श्रेष्ठले असल छिमेकी नेपालको कामको खुलेर प्रशंसा गरे। उनले भने, असल छिमेकी नेपाल प्रचार कम तर काम बढी गर्ने संस्था भएको मैले पाएँ। गीत उमाएर धैला भरेको यस संस्थाले नाताको पछि नलागेर नयाँ ठाउँमा नाता गाँसेर कुनै धर्म, कुनै समुदाय नभनी काम गर्‍यो। उनले भूकम्प गएको १९ महिना बितिसक्दा पनि पीडा नै बाँडिरहेकाले असल ...


https://thehimalayantimes.com/multimedia/photo-gallery/reco
Nepal | February 14, 2019
The Himalay
Home Kathmandu Nepal World Opinion Business Sports Environment Entertainment
Travel Mobile & Apps Automobile Health Food Lifestyle Women Fashion
The Himalayan Times › Multimedia › Photo Gallery › Reconstructed health post
Reconstructed health post
Secure Connection Failed
Share 0
Tweet
Save


असल छिमेकीद्वारा स्वास्थ्यचौकी हस्तान्तरण


पोखरा
Pokhara
असल छिमेकी नेपालद्वारा स्वास्थ्यचौकी हस्तान्तरण


घैरुङमा स्वास्थ्य चौकी हस्तान्तरण

onlinekhabar

Powerful K-series Engine
Wide Interior Space

होमपेज समाचार बिजनेस जीवनशैली सूचना प्रविधि मनोरञ्जन प्रवास खेलकुद TRENDING ENGLISH

साँच्चै हो? हरेक बजाज डिस्कभर बाईकको खरिदमा अब पाउनुहोस ३२" को LED TELEVISION सितैमा**

# गोरखा सिम्लेमा निजी आवास पुनर्निर्माणले तीव्रता पायो

अनलाइनखबर

Admission Open MBS (Master in Business Studies)
XAVIER INTERNATIONAL COLLEGE Tel: 4470224 4479826
NIC ASIA

दलित, जनजाति र बराम समुदायको बसोबास रहेको उक्त गाउँका अधिकांश पीडितको घर अहिले पुनर्निर्माण भइसक्यो ।

असल छिमेकी नेपालको सहयोगमा उक्त गाउँका करिव ५० घर पुनर्निर्माण भएको वडा अध्यक्ष सुरज ढकालले बताए । 'घर बनाउँदा बनाउँदै पैसा सकिएर धेरैको काम रोकिएको थियो,' उनले भने, 'कसैले डीपीसी गरेर छाडेका थिए, कसैले आधा बनाएर, तर असल छिमेकी संस्थाले सहयोग गरेपछि धमाधम घर बनाए ।'

प्रति घरधुरी ६० हजार बराबरको निर्माण सामग्री सहयोग गरिएको संस्थाका बिजयकुमार श्रेष्ठले बताए । व्यक्तिगत आवास पुनर्निर्माण सहायता परियोजना अन्तरगत अशक्त, एकल महिला र अति विपन्न परिवारलाई सहयोग गरिएको उनले जानकारी दिए ।

संस्थाको सहयोगमा पुनर्निर्माण भएका ५० घर सोमवार एक कार्यक्रमका बिच स्थानीयलाई हस्तान्तरण गरिएको छ ।

नयाँ घर पाएपछि स्थानीय खुशी छन् । 'सरकारले दिएको अनुदान रकम सामान ढुवानी गर्दैमा सकियो, घर बनाउँदा बनाउँदै पैसा नभएर अलपत्र भयो, सहयोग पाएपछि घर बन्यो खुशी लागेको छ,' बरामले भने ।

... अस्थायी टहराबाट छुटकारा पाएको भन्दै अर्जुन थापाले खुशी व्यक्त गरे । 'टहरामा सर्पको बढी डर हुन्थ्यो बालबच्चा पनि डराउथे, ... उनले भने ।

... स्वास्थ्यचौकी देखि विद्यालय भवन सम्म पुनर्निर्माण गरेको छ ।

gorkhapatraonline.com/news/37798

Home About Us e-Papers Contact Tender

gorkhapatraOnline.com
गोरखापत्र अनलाइन संस्करण

गृहपृष्ठ मुख्य समाचार राष्ट्रिय प्रदेश खुला पृष्ठ समाज अर्थ अन्तर्राष्ट्रिय खेलकुद

## बेरोजगारी अन्त्यको पाइला

### रु ६६ लाखमा वडा कार्यालय भवन पुनःनिर्माण

epaper
e-papers

गोरखा, चैत १३ गते । रु ६६ लाखको लगानीमा सिरानचोक गाउँपालिका–७ श्रीनाथकोट वडा कार्यालय भवन पुनःनिर्माण गरिएको छ ।

श्रीनाथकोट गाविस भवन पुनःनिर्माण गरिएको भए पनि श्रीनाथकोट गाविस सिरानचोक गाउँपालिकामा समायोजन भएपछि वडा कार्यालय बनाइएको हो । असल छिमेकी नेपाल, पोखराले चार कोठे पक्की भवन पुनःनिर्माण गरेपछि सेवा प्रवाहमा थप सहज भएको वडा सचिव रेखा पाइजाले जानकारी दिनुभयो ।

## अशल-छिमेकीद्वारा तीन विद्यालय हस्तान्तरण



राष्ट्रिय दैनिक आविष्कार

ABISKAR NATIONAL DAILY

Friday 16, June 2017

daraundi.com

## श्रीनाथकोटका तीन विधालय भवन हस्तान्तरण




PTO

पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily

## असल छिमेकीद्वारा संचाल पोलिटेक्निकमा टुक्रमा तालिम



हिमदूत

Himdoot National Daily

## विद्यालय पुनःनिर्माणमा असल छिमेकी नेपाल



राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

## गोरखा पुनर्निर्माणमा असल छिमेकी नेपाल



परिवर्तनको जेठो राष्ट्रिय दैनिक
हिमदूत
Himdoot National Daily

## असल छिमेकी नेपालको डकर्मी तालिम

राष्ट्रिय दैनिक
कास्की आवाज
KASKI AAWAJ NATIONAL DAILY

## असल छिमेकीद्वारा पोखरा पोलिटेक्निकमा डकर्मी तालिम



परिवर्तनको जेठो राष्ट्रिय दैनिक
हिमदूत
Himdoot National Daily

## असल छिमेकीद्वारा पोखरा पोलिटेक्निकमा डकर्मी तालिम



POKHARA HOTLINE NATIONAL DAILY
पोखरा हटलाइन
राष्ट्रिय दैनिक
(16 Nov 2017)

## ३२५ जनालाई नि:शुल्क डकर्मी तालिम





राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

३२५ लाई निःशुल्क डकर्मी तालिम

समाधान
डकर्मी तालिम

दरौंदी
दुई सय घर निर्माणमा स्थानीय
असल छिमेकीको सहयोग उल्लेखनीय

समाधान
samadhan.com
राष्ट्रिय दैनिक

पोखरा पोलिटेक्निकमा डकर्मी तालिम

पोखरा आवाज
राष्ट्रिय दैनिक
POKHARA AAWAJ National Daily

पुनर्निर्माणमा सघाउन डकर्मी तालिम

अरूण Post

Siddhartha Bank

गृहपृष्ठ समाचार प्रदेश समाज अन्तर्वार्ता अर्थ मनोरञ्जन विचार

## घर बनाउन असल छिमेकीको सहयोग ,पुर्ननिर्माणले ल्यायो विपन्न समुदायमा खुशी

दीपक श्रेष्ठ

गोरखा १८, मङ्सिर । पुर्ननिर्माण सम्पन्न भएर नयाँ घरमा बस्न पाएपछि गोरखाको सिरानचोक गाउँपालिका सिम्लेका विपन्न समुदाय यति बेला खुशी छन् । २०७२ बैसाक १२ गतेको विनासकारी भुकम्पले पूर्ण रुपमा क्षति पुगेको सिरानचोक गाँउपालिका वडा ७ स्थित सिम्लेका टोलका ५० घर विपन्न परिवार नयाँ घरमा सर्न पाए संगै खुशी भएका हुन् । भुकम्पले घर भत्किएपछि ४२ महिना भन्दाबढि अस्थायी टहरामा कष्टपूर्ण रुपमा

## सम्पादकीय

## प्रभावकारी काम मात्र जनतामाझ लैजाऊ

नेपाल समाचारपत्र

## २ सय ५० घर बनाउन असल छिमेकी पोखराको सहयोग



## ८६ लाखमा निर्माण भएको स्वास्थ्यचौकी भवन हस्तान्तरण



२०७२/०६/१२-३ गते

## धादिङका भूकम्प प्रभावितहरूलाई राहत वितरण





# धन्यवाद !

शानिबार १२ बैशाख, २०७२ मा, ११ बजेर ५६ मिनेट जाँदा गएको विनाशकारी गोरखा भूकम्पबाट पूरा देशले नै ठूलो क्षति वेहोर्नुपरेको थियो। जसको कारण धेरैले ज्यान गुमाए, धेरै अङ्गभङ्ग हुनपुगे साथै धेरै परिवारले आफ्ना धेरै कुराहरु गुमाउनु परेको थियो । जस्को कारण आज पनि धेरै परिवारहरु टहरामा जीवन बिताउन बाध्य छन् भने नचाहेर पनि धेरै हाम्रा नानीहरु टहरामा पढिरहेका छन् । आज पनि पुरै देश त्यो अवस्थाबाट पार पाउन लागि परिरहेको अवस्था छ । पोखरा खीष्टिय समुदाय र असल छिमेकी नेपालले आफूसँग जे थियो त्यही श्रोत साधनलाई प्रयोग गरी जे सकिन्छ, जति सकिन्छ, जहाँ सकिन्छ, जतिलाई सकिन्छ सहयाता गरौं भन्ने निर्णयका साथ शुरु भएको भूकम्प प्रभावितहरुको सहायता कार्यक्रम, चौथो दिनको विहानबाट शुरु भएर आजको दिनसम्म आउन पाउँदा निकै खुशी लागेको छ । यसरी आघाति घाउहरुमा मलहम लगाउने कार्यमा नेपाल सरकारको विपद व्यवस्थापन तथा राष्ट्रिय पुनर्निर्माण नीति अनुरुप सहभागी हुन पाउँदा र हामी संलग्न भएको समुदायमा आएका परिवर्तन देख्न पाउँदा हामीलाई गर्व लागेको छ । हामीले भन्ने गरेझैं विपदले चोट त पाऱ्यो नै तर यस्ले हाम्रो गाउँ ठाउँलाई राम्रो बनाउने अवसर पनि प्रदान गरेको देख्न पाईएको छ । मानिसहरुमा गुणस्तरको कुरा बढ्न थालेको छ साथै भौतिक संरचनाहरु निर्माण गर्ने क्रममा निम्नतम् मापदण्ड अपनाउने कुरामा गम्भिर हुन थालेको देखिन्छ, भनेदेखि समुदायमा नै काम गर्न सक्ने दक्षता र सीपका कुराहरुमा पनि बृद्धि हुंदै गएको छ ।

असल छिमेकी नेपालले गोरखा जिल्लामा केन्द्रित भएर गरिएको काममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा शुरुवाति चरण देखि नै सहयोग र समन्वयकारी भूमिका निभाउनु भई हामीलाई हरेक अवस्थामा आवश्यक सल्लाह, सुझावहरु साथै उत्साह प्रदान गर्नुहुने सबैलाई धन्यवाद भन्न चाहान्छौं । राहातको चरण देखि हालसम्ममा प्रत्यक्ष सहायता गर्नुहुने, तत्कालिन जिल्ला दैवि प्रकोप व्यवस्थापन समितिका सम्पूर्ण पदाधिकारीहरु, तत्कालिन जिल्ला विकास समिति, जिल्ला समन्वय समिति, जिल्ला शिक्षा कार्यालय, जिल्ला जन स्वास्थ्य कार्यालय, जिल्ला आयोजना कार्यान्वय इकाई (शिक्षा), राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला भवन विभाग कार्यालय, जिल्ला पशु सेवा कार्यालय, महिला बालबालिका कार्यालय, सिरानचोक गाउँपालिका, श्रीनाथकोट वडा कार्यालय, गण्डकी गाउँपालिका, भुम्लिचोक, घ्यालचोक र मकैसिङ्ग वडा कार्यालय, स्वास्थ्य चौकी व्यवस्थापन समितिहरु, विद्यालय व्यवस्थापन समितिहरु, जन समुदायहरु, राजनैतिक दलका प्रतिनिधिहरु, पत्रकार मित्रहरु, दातृ निकायहरु, निर्माण व्यवसायीहरु, असल छिमेकी नेपाल, पोखरा खीष्टिय समुदाय, स्वयंसेवक मित्रहरु लगायत सँगै काम गर्ने सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद सहित आभार व्यक्त गर्न चाहान्छु । यसैगरी समाज कल्याण परिषद्, शिक्षा विभाग, केन्द्रिय परियोजना कार्यान्वयन इकाई शिक्षा, स्वास्थ्य मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रिय भवन विभाग कार्यालय, काठमाडौं सहित भौतिक पूर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेशप्रति कृतज्ञता सहित आभार प्रकट गर्न चाहान्छु ।

बिजय कुमार श्रेष्ठ
कार्यक्रम संयोजक

Together we can make a difference!

ASAL
CHIMMEKEE
NEPAL
ACN

ADDRESS
PHONE
E-MAIL

Asal Chhimekee Nepal
P.O. Box 263
Simpani, Pokhara- 1

+977 61 534159
+977 61 525516

for our stories and news,
please go to:

acn.org.np/news